**ओखलढुंगा जिल्लाको सिद्धिचरण नगरपालिका अन्तर्गतका विद्यालयहरुमा कार्यान्वयन गर्न तयार गरिएको**

# आधारभूत तहको स्थानीय पाठ्यक्रम–२०७९
## (मस्यौदा)

# *हाम्रो*
# *सिद्धिचरण नगरपालिका*

**<u>सम्पादन</u>**

सिद्धिचरण नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
शिक्षा, युवा तथा खेलकुद शाखा, ओखलढुंगा
प्रदेश नं. १, नेपाल
२०७९ आषाढ

# विषयसूची

**विषय** **पेज नं.**

१. परिचय

१.क. पृष्ठभूमि

१.ख. स्थानीय पाठ्यक्रमको आवश्यकता

१.ग. विषय क्षेत्र

१.घ. स्थानीय पाठ्यक्रमसँग सम्बन्धित अंगहरु

२ तहगत सक्षमता

३. कक्षागत सिकाइ उपलब्धि

४. विषयवस्तुको क्षेत्र र क्रम

५.विषयवस्तुको विस्तृतीकरण

**५. १ कक्षा : १ विषयवस्तु विस्तृतीकरण**

**५. २ कक्षा : २ विषयवस्तु विस्तृतीकरण**

**५. ३ कक्षा : ३ विषयवस्तु विस्तृतीकरण**

**५. ४ कक्षा :४ विषयवस्तु विस्तृतीकरण**

**५. ५ कक्षा : ५ विषयवस्तु विस्तृतीकरण**

**५. ६ कक्षा : ६ विषयवस्तुको क्षेत्र, क्रम र विषयवस्तु विस्तृतीकरण**

**५. ७ कक्षा : ७ विषयवस्तुको क्षेत्र, क्रम र विषयवस्तु विस्तृतीकरण**

**५. ८ कक्षा : ८ विषयवस्तुको क्षेत्र, क्रम र विषयवस्तु विस्तृतीकरण**

६. सिकाइ सहजीकरण प्रक्रिया

सिकाइ सहजीकरण प्रक्रिया र विधि

७. विद्यार्थी मूल्याङ्कन

कक्षा १-३

८. पाठ्यक्रम कार्यान्वयन प्रक्रिया

९. पाठ्यक्रम परिमार्जन

## आधारभूत तहमा २०७७ देखि कार्यान्वयन भएको पाठ्यक्रममा स्थानीय पाठ्यक्रम

वि.सं. २०७७ देखि कक्षा १ मा कार्यान्वयन प्रारम्भ भई चार वर्षमा कक्षा १–८ का सबै कक्षामा कार्यान्वयन हुने आधारभूत तहको पाठ्यक्रमअन्तर्गत कक्षा १–३ मा स्थानीय पाठ्यक्रमका लागि साप्ताहिक ५ पाठ्यघन्टा अर्थात् वार्षिक १६० घन्टा छुट्याइएको छ भने ४–८ कक्षामा स्थानीय पाठ्यक्रमका लागि साप्ताहिक ४ पाठ्यघन्टा अर्थात् वार्षिक १२८ घन्टा छुट्याइएको छ । कक्षा १–८ मा तोकिएको समयावधिमध्ये स्थानीय तहको समन्वयमा विद्यालयले पूरै समय मातृभाषालाई वा केही समय मातृभाषालाई र अन्य समय हाम्रो सिद्धिचरण नगरपालिका विषय वा अन्य एउटा स्थानीय विषयलाई पनि दिन सक्नेछन् । सामान्यतया कक्षा १–३ मा कम्तीमा २ देखि बढीमा ५ पाठ्यघन्टा तथा कक्षा ४–५ कम्तीमा २ देखि बढीमा ४ पाठ्यघन्टा कुनै एक मातृभाषा शिक्षण गर्ने व्यवस्था गर्नु उपयुक्त हुने छ । कक्षा ६–८ मा भने स्थानीय आवश्यकता तथा मागका आधारमा स्थानीय तहको समन्वयमा विद्यालयले मातृभाषा, मातृभाषार अन्य कुनै एक स्थानीय विषय वा हाम्रो सिद्धिचरण नगरपालिका विषय अध्यापन गराउन सक्ने व्यवस्था मिलाउन सकिने छ ।

प्रस्तुत यो पाठ्यक्रम निर्माणको चरणमा मस्यौदाको रुपमा ल्याइएको छ । यो पाठ्यक्रमको मस्यौदा अध्ययन गरी रचनात्मक राय, सुझाव र सल्लाह प्रदान गरिदिनुहुन आमसरोकारवालाहरुमा हार्दिक अनुरोध गरिन्छ । प्राप्त राय सुझावका आधारमा सुधार गर्दै पाठ्यक्रमलाई अन्तिम रुप दिई बैधानिकता पुरा गरे पश्चात प्रभावकारी कार्यान्वयनमा जोड दिइनेछ । पाठ्यक्रम मस्यौदा तयारीमा सहयोग गर्नुहुने सम्पूर्णमा हार्दिक आभार प्रकट गर्दछौं ।   २०७९ असार

सम्पादन मण्डल

# १.पाठ्यक्रमको परिचय

(१.क) पृष्ठभूमि

शिक्षा प्रणाली सामाजिक व्यवस्थाको एउटा उप(प्रणाली हो । यसले समाजलाई प्रत्यक्ष प्रभाव पार्दछ र आफू पनि प्रत्यक्ष प्रभावित हुन्छ । यही कारण समाज अनुकूल शिक्षा प्रणालीमा उपयुक्त शिक्षा प्रणालीले समाजको परिवर्तन र विकासमा समेत महत्त्वपूर्ण योगदान पुयाउँछ । शिक्षा प्रणाली समय सन्दर्भ र राष्ट्रिय परिवेशको आधारमा आवश्यक जनशक्ति उत्पादन गर्न राष्ट्रले अँगालेको शैक्षिक गतिविधि हो । राष्ट्रिय उद्देश्य अनुरूप शैक्षिक गतिविधिलाई अगाडि बढाउन पाठ्यक्रमको आवश्यकता पर्दछ । पाठ्यक्रम भनेको विद्यालयद्वारा शैक्षिक उद्देश्य प्राप्तिका लागि सञ्चालन गरिने योजना तथा कार्यक्रम हो । यसरी हेर्दा विद्यालयभित्र वा बाहिर निश्चित लक्ष्य र उद्देश्य प्राप्तिका लागि विशिष्ट उद्देश्य, सम्भावित शिक्षण सिकाइ प्रक्रिया र मूल्याङ्कन समेटिएको कार्यक्रम नै पाठ्यक्रम हो ।

शिक्षा गतिशील हुन्छ यसले समाजको आवश्यकता राज्यले अङ्गीकार गरेको विशिष्ट राजनैतिक सोचको प्रतिविम्ब पाठ्यक्रममा मुखरित भएको हुन्छ। नेपालमा शिक्षा विकासको सन्दर्भ कोट्याउँदा रा।शि।प।यो २०२८ ले विधिवत विकासक्रमको गोरेटो पहिल्याएको यथार्थ हाम्रा अगाडि प्रष्ट छ । समय समयमा शिक्षा सुधारका निम्ति २०३८, २०४९, २०५५ मा गठन भएका आयोगका प्रतिवेदनका आधारमा समसामयिक सुधार हुँदै आइरहेको सन्दर्भ उल्लेखनीय हुन आउँछ । मुलुकमा आएको राजनैतिक परिवर्तन अनुसार राज्यले निक्यौल गरेको नागरिक उत्पादन गर्न शिक्षाका समग्र उद्देश्यमा आवश्यकता अनुसार परिमार्जन भै समय सापेक्ष सुधारका गोरेटाहरू कोरिने क्रम जारी छ। हाल लोकतान्त्रिक गणतान्त्रात्मक नेपालको स्थानीय सरकारले व्यवस्थापन गरिरहेको सन्दर्भमा नेपालको संविधानद्वारा प्रदत्त अधिकारको आधारमा शिक्षाले स्थानीय सरोकारवालाहरूसँग सहकार्य गर्दै उनीहरूकै चाहाना र सहभागितामा स्थानीय पुरातात्विक, ऐतिहासिक, सामाजिक, सांस्कृतिक, धार्मिक, पर्यटकीय स्थलहरू तथा सेरोफेरोमा महत्त्वपूर्ण स्थल एवं वस्तुहरूको जानकारी बिना शिक्षा अधुरो रहने यथार्थलाई आत्मसात गरेर सिद्धिचरण नगरपालिकाले आधारभूत तहको स्थानीय पाठ्यक्रम निर्माणको निम्ति एउटा कार्यदल गठन गरी कार्यदललाई जिम्मेवारी सुम्पिएको हो । यो कार्यदलले आधारभूत तहको स्थानीय पाठ्यक्रम निर्माण गर्ने सन्दर्भमा निम्नानुसारका विशेषताहरू अवलम्बन गरी कार्य सम्पादन गर्ने प्रयास गरेको छ ।

- केन्द्रीय पाठ्यक्रमले समेट्न नसकेका र स्थानीय आवश्यकताको आधारमा वर्तमान अवस्थामा प्रयोगमा ल्याइएका आधारभूत तहका सामाजिक र नेपाली विषयका पाठ्यक्रमहरूको सत्यापन verification गरी आवश्यकता अनुसार विषयवस्तु छनौट गरी तहगत उद्देश्य निर्धारण गरिएको छ ।
- धार्मिक सांस्कृतिक विविधता भित्रको एकता सिद्धिचरण नगरपालिका भित्रको सौन्दर्यलाई प्राथमिकताका साथ पाठ्यक्रममा उठाइएको छ ।
- सिद्धिचरण नगरपालिका र आसपासका क्षेत्रहरू पर्यटकीय आकर्षक केन्द्रको रूपमा रहे तापनि उचित प्रसार प्रसारको अभावमा ओझेलमा परेको हुँदा सुन्दर पर्यटकीय स्थानहरुलाई पाठ्यक्रममा महत्त्वपूर्ण स्थान दिइएको छ ।
- हाम्रो संस्कृति र सभ्यता तथा जनताका आस्थाको रूपमा रहेका विभिन्न धार्मिक धामहरुलाई पाठ्यक्रमको स्तम्भको रुपमा ग्रहण गरिएको छ ।
- योग र प्राकृतिक चिकित्सा मानव स्वास्थ्यको निम्ति अनिवार्य आवश्यकता बन्न पुगेको आजको सन्दर्भमा पाठ्यक्रममा यिनीहरुलाई आत्मसात गरिएको छ ।
- ऐतिहासिक तथ्यलाई पाठ्यक्रममा उचित स्थान दिइएको छ ।
- नैतिक शिक्षा हाम्रा परम्परागत मूल्य र मान्यताहरूलाई पाठ्यक्रममा समावेश गरिएको छ ।

- समष्टिगत रुपमा  आन्तरिक वा बाह्य पर्यटकहरुलाई मार्गदर्शन गर्न सक्ने गरी पाठ्यकमको व्यवस्थापन गर्ने जमको गरिएको छ ।

  केन्द्रीय पाठ्यक्रमले स्थानीय आवश्यकता र विषयवस्तु समेट्न नसकिरहेको वास्तविकताका आधारमा स्थानीय पाठ्यक्रम व्यवस्था गरिएको हो । पाठ्यक्रम निर्माण कार्य प्राज्ञिक मात्र नभएर प्राविधिक पनि हो । त्यसैले यो पाठ्यक्रम निर्माण गर्दा निम्न प्रक्रिया अपनाइएको छ ।
- सिद्धिचरण नगरपालिका  र यस अर्न्तगतका विषयवस्तुको आवश्यकता पहिचान तथा प्राथमिकीकरणको निम्ति प्रश्नावली तयार गरी जनप्रतिनिधि, समाजसेवी, प्राध्यापक शिक्षक, विद्यार्थी, धार्मिक सांस्कृतिक संघसंस्थाका प्रतिनिधिहरूसंग प्रश्नावली भराई अध्ययन गरी विषयवस्तुको प्राथमिकीकरण गरिएको छ ।
- विभिन्न ठाँउको अध्ययन भ्रमण अन्तर्क्रिया भेटघाट छलफलबाट प्राप्त जानकारीलाई भरपुर उपयोग गरिएको छ।
- पाठ्यक्रम बालमनोविज्ञानमा आधारित हुन्छ भन्ने मान्यताका आधारमा तयार गर्ने प्रयास गरिएको छ ।
- बालबालिकाको उमेर कक्षा र तहगत रूपमा सिकाइस्तर फरक हुने हुँदा सो कुराको ख्याल गरी यसलाई तयार गर्ने प्रयास गरिएको छ ।

छलफल, प्रश्नावली र अन्तर्क्रियाको आधारमा पाठ्यक्रमले निम्न लिखित क्षेत्रलाई मुख्य विषयवस्तु बनाएको छ ।

१ सिद्धिचरण नगरपालिकाको सेरोफेरो
२ पर्यटकीय स्थलहरु
३ हाम्रो संस्कृति
४ हाम्रो आस्था
५ संघसंस्थाहरु
६ योग
७ प्राकृतिक चिकित्सा तथा जडीबुटी ।

पाठ्यक्रममा सुधार निरन्तर रुपमा चलिरहने प्रक्रिया हो । समय सन्दर्भ अनुसार यसलाई अझ बढी प्रभावकारी बनाउँदै लैजान शिक्षासँग सम्बद्ध विद्वान सरोकारवाला जनसमुदायहरुको रचनात्मक सुझावको अपेक्षा गर्दै स्थानीय पाठ्यक्रम निर्माणको निम्ति यो कार्यदललाई जिम्मेबारी सुम्पनु भएकोमा नगर प्रमुख एवं सिद्धिचरण नगरपालिकालाई हार्दिक धन्यवाद ज्ञापन गर्दछौ ।

## (१.ख) स्थानीय पाठ्यक्रमको आवश्यकता

नेपाल सरकारबाट एकिकृत पाठ्यक्रम (कक्षा १-३) को ढांचा, २०७५ स्वीकृत भइ कार्यान्वयनमा छ । एकिकृत पाठ्यक्रम देश भरीमा २०७७ साल देखि लागु भएको छ । उक्त पाठ्यक्रम ढाँचामा भएको व्यवस्था अनुसार कक्षा १,२,३ सम्ममा पाँच ओटा विषय (गणित, नेपाली, अङ्रेजी, हाम्रो सेरोफेरो र स्थानीय विषय) राख्नु पर्ने प्रावधान छ । त्यस्तै कक्षा ६ देखि ८ सम्म पनि एउटा स्थानीय विषय पठनपाठन गर्नुपर्ने व्यवस्था छ । स्थानीय विषयको पाठ्यक्रम निर्माण विद्यालय वा स्थानीय तहबाटै गर्नुपर्छ । स्थानीय पाठ्यक्रम वा मातृभाषा मध्ये एक विषय छनोट गरी स्थानीय स्तरबाट पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्नु पर्ने प्रावधान छ । बालबालिकाको सिकाइ आफ्नो बासस्थानबाटै प्रारम्भ गर्न सहज हुन्छ त्यसका लागि बालवालिकाहरुले आफ्नो गाउँ, समुदायको पहिचान गर्नुपर्दछ । त्यहाँ भएका प्राकृतिक, ऐतिहासिक सम्पदाहरू र आर्थिक क्रियाकलापहरूबारे जानकारी हुनुपर्दछ स्थानीय मूल्य, मान्यता, धर्म, परम्परा, संस्कृति, स्रोत सामाग्रीको संरक्षण, संवर्धन, परिचालन र विकास गर्नका लागि मार्गनिर्देश गर्ने र स्थानीय तहको क्षमता विकास मार्फत राज्यको आर्थिक, सामाजिक, सांस्कृतिक र राजनीतिक क्षेत्रमा आवश्यक पर्ने सक्षम,

सचेत र इमान्दार नागरिक तयार गर्नका लागि स्थानीय पाठ्यक्रम अपरिहार्य भएको छ । राष्ट्रिय स्तरमा निर्माण गरिने पाठ्यक्रममा सबै सरोकारवालाको संलग्नताको सम्भावना रहदैन । यसले स्थानीय तहको भाषा, संस्कृति, ज्ञान र सिपलाई पूर्ण रूपले समेट्न सम्भव पनि हुँदैन । अतः स्थानीय तहको भाषा तथा संस्कृतिको जगेर्ना गर्न, स्थानीय तहको ज्ञान, सिप, प्रविधि र उत्पादनलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा जोड्ने, ज्ञान र सिपको विकास गरी आत्मनिर्भर, उत्पादनमुखी, जीवनोपयोगी, व्यावहारिक र दक्ष जनशक्ति तयार गर्नका लागि स्थानीय पाठ्यक्रमको आवश्यकता पर्दछ । हरेक स्थानीय तहको आआफ्नै विशिष्ट पहिचान, भौगोलिक, धार्मिक एवम् सांस्कृतिक, जातीय, भाषिक विविधता हुन्छ । केन्द्रिय तहमा तयार गरीने पाठ्यक्रमले मात्र विदयाथीहरूलाई दैनिक जीवनमा आवश्यक पर्ने ज्ञान, सीप, आचरण र व्यवहारका सम्पूर्ण सक्षमताहरू प्रदान गर्न नसक्ने भएकाले स्थानीय परिवेश अनुसारको ज्ञान र सीप आर्जन गर्नका लागि स्थानीय विज्ञकै सहभागितामा पाठ्यक्रम निर्माण गरि कार्यान्वयन गर्न वाञ्छनिय भएकाले र संवैधानिक र नीतिगत रुपमा भएको प्रावधानलाई कार्यान्वयन गर्नु प्रत्येक स्थानीय तहको कर्तव्य भएको हुनाले सिद्धिचरण नगरपालिकाले यो स्थानीय पाठ्यक्रम तयार गरेको हो । स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनको औचित्यलाई देहाय बमोजिमका बुँदाहरूले अझ स्पष्ट पार्दछ ।

- स्थानीय स्तरका व्यवसाय, पेसा एवम रोजगारलाई सम्बोधन गर्दै अन्तराष्ट्रिय रोजगारीतर्फ उन्मुख, उत्पादनमुखी र सिपयुक्त नागरिक तयार गरी नेपाली कला, सौन्दर्य, आदर्श तथा वैशिष्ट्यको संरक्षण, संवर्धन गर्न ।
- स्थानीय तहका कला, संस्कृति, परम्परा, पर्यटकीय क्षेत्र, सिप, भाषा आदिको संरक्षण र संवर्धन गर्न ।
- स्थानीय कला कौशल, व्यवसाय, प्राकृतिक सम्पदा तथा संस्कृतिको जानकारी गराई त्यस अनुरूपको व्यवहार गर्न सक्ने तुल्याउन ।
- भौगोलिक, जातीय, लैंगिक, भाषिक, सामाजिक, आर्थिक, सांस्कृतिक, धार्मिक, प्राकृतिक विविधतालाई सम्बोधन गर्न ।
- स्थानीय तहको ज्ञान, सिप र प्रविधिलाई उजागर गर्न ।
- परम्परागत पेसा, व्यवसाय र प्रविधिलाई संरक्षण, सम्बर्द्धन र विकास गर्न सहयोग पुयाउन,
- स्थानीय स्रोत र साधनको अधिकतम परिचालन गर्न ।

## (१.ग) विषय क्षेत्र

प्रत्येक गाउँ तथा टोलमा एउटा सानो विश्व लुकेको हुन्छ । एउटै पाठ्यक्रममा सबै विषयवस्तु अटाउन र पठनपाठन गर्न सम्भाव हुदैन । यस पाठ्यक्रमले सिद्धिचरण  नगरपालिका  क्षेत्रको सेरोफेरोलाई समेटेको छ । त्यसैले नगरपालिका भित्रका अध्ययन गर्नुपर्ने प्राकृतिक, भौगोलिक, धामीक, सांस्कृतिक, सामाजिक, ऐतिहासिक, आथीक, स्वास्थ्य सरसफाइ र वातावरणिय क्षेत्रसंग सम्बन्धित ज्ञान, सिप र अभिवृत्तिका पक्षहरुलाई स्थानीय आवश्यकतालाई मध्यनजर गरी आधारभूत तहमा अध्ययनरत वालवालिकाहरूलाई केन्द्रविन्दु मानेर यो पाठ्यक्रम तयार गरिएको छ । पाठ्यक्रमले मुख्य रुपमा निम्न विषय क्षेत्रलाई समेटेको छ ।

- हाम्रो नगरपालिका, नगरपालिकाको सामान्य परिचय, भौगोलिक अवस्था, साँध सिमाना, जनसङ्ख्या, जातजाती, संघसंस्थाहरु
- प्राकृतिक स्रोत र संपदा वन जङ्गल, सामुदियक वन, जडिबुटि, नदि, ताल, कुवा, पानीका स्रोत, ढुङ्गेधारा, डाँडाकाँडा, खानी

- संस्कार र संस्कृति जातजाती, मठ, मन्दिर, चैत्य, विहार, गुम्बा, जात्रा, पर्व, मेला, आनीबानी, मूल्य मान्यता, भाषा र भेषभूषा, गीत, संगीत बाजागाजा
- ऐतिहासिक र पर्यटकिय स्थल, ऐतिहासिकग्रन्थ, गुफा, पाटीपौवा, पुल, नदि, देउराली
- आर्थिक उद्यमशिलता र प्रविधि, स्थानीय पेसा कृषि विशेष उद्यमशिलता र प्रविधि
- स्वास्थ्य र सरसफाइ, योग, प्राणायाम, ध्यान, आसन, सरसफाइ, भोजन, व्यायाम, स्थानीयखेलहरु
- प्रकोप, वातावरण र हरित विद्यालय
- व्यक्ति र संस्थाको परिचय, सिद्धिचरण नगरपालिकाको विकास निर्माण र समाज सेवामा विशेष योगदान पुर्याउने महत्वपूर्ण व्यक्ति र संस्थाहरू

### (१.घ) स्थानीय पाठ्यक्रमसँग सम्बन्धित अङ्गहरु

१) परिचय तथा प्रारूप
२) सिकाइ उपलब्धी र विशिष्ट उद्देश्य
३) विषयवस्तुको क्षेत्र तथा कम
४) विषयवस्तुको विस्तृतीकरण
५) सम्भावित शिक्षण सिकाइ प्रक्रिया
६) सम्भावित विद्याथी मूल्याङ्कन प्रक्रिया

## २. पाठ्यक्रमका तहगत सक्षमताहरु :

सिद्धिचरण नगरपालिका भित्रका आधारभूत तह (कक्षा १-८) का विद्यालयमाा अध्यापन गराउनका लागि निर्माण गरिएको यो स्थानीय पाठ्यक्रमको अपेक्षित तहगत सक्षमताहरु निम्नानुसार छन् :

- सिद्धिचरण नगरपालिकाको भौगोलिक, प्राकृतिक, जनसांख्यिक र आसपासका पर्यटकीय स्थलहरुको परिचय, महत्व, संरक्षण, सम्बर्द्धन र जानकारी ।
- स्थानीय जातजाति तथा संस्कृति सम्बन्धी जानकारी ।
- विभिन्न धार्मिक धामको परिचय, मत्वव र जानकारी ।
- सिद्धिचरण नगरपालिका स्थित मुख्य मुख्य सामाजिक संघ संस्थाहरु उद्योग वाणिज्य संघ, व्यापार संघ, लायन्स क्लब, रोटरी क्लब, रेडक्रस आदिको जानकारी ।
- वर्तमान सन्दर्भमा लोकप्रिय हुँदै गएको प्राकृतिक चिकित्सा पद्धतिको जानकारी ।
- स्थानीय जडीबुटीको परिचय र यसको महत्व ।
- सिद्धिचरण नगरपालिकाको नामकरण, इतिहास, भूगोल र व्यापारिक केन्द्रको रूपमा सिद्धिचरण नगरपालिकाको परिचय र महत्व ।
- योगको परिचय, महत्व वताउन र योग क्रियाको अभ्यास ।
- हाम्रा नैतिक आचरण, दायित्व र अनुशासन सँग घुलमिल भई तिनको अधिकतम उपयोग ।
- स्थानीय वातावरणको संरक्षण तथा सम्बर्द्धन र प्राकृतिक प्रकोपको व्यवस्थापन ।
- सिद्धिचरण न.पा.को विकास निर्माण र समाज सेवामा विशेष योगदान पूर्याउने महत्वपूर्ण व्यक्ति र संस्थाहरुको परिचय
- स्थानीय तहमा अपनाइने पेसा, उद्यमशिलता र प्रविधिको प्रवर्तनात्मक उपयोग ।

## ३. कक्षागत सिकाइ उपलब्धिहरु :

| कक्षा १ सिकाइ उपलब्धि | कक्षा २ सिकाइ उपलब्धि | कक्षा ३ सिकाइ उपलब्धि | कक्षा ४ सिकाइ उपलब्धि | कक्षा ५ सिकाइ उपलब्धि |
|---|---|---|---|---|
| १. आफ्नो वरपरको बातावरणीय स्थितिको जानकारी राख्न<br>२. आफ्नो घर र विद्यालय वरपरको मौसम र प्राकृतिक प्रकोपको जानकारी दिन ।<br>३. आफ्नो वरपर रहेका ऐतिहासिक स्थल, मन्दिर तथा विद्यालयहरुको नाम बताउन<br>४. आफ्ना वरपर रहेका सामाजिक व्यक्तिको नाम बताउन<br>५. आफ्ना परिवारका सदस्यले गर्ने कामका वारेमा परिचित हुन<br>६.आफ्ना परिवारका सांस्कृतिक क्रियाकलापसँग परिचित हुन ।<br>७. आफ्नो घर आसपासमा रहेका सार्वजनिक सम्पति र प्राकृतिक सम्पदाका वारेमा सामान्य परिचित हुन<br>८.आफ्नो घरपरिवारको भेषभुषा सँग परिचित हुन ।<br>९.आफ्नो परिवार तथा छर छिमेकमा मनाइने मौलिक पर्व, कला, जात्रा, गीत, संगीत उत्सव, महोत्सवहरुमा सहभागी भई परिचित हुन ।<br>१०.आफ्नो वरपर रहेका धार्मिक, सांस्कृतिक तथा प्राकृतिक सम्पदाहरुको नाम बताउन<br>११. मनोरञ्जनका लागि गरिने | १.क)आफ्नो वरपरको वातावरणीय अवस्थितिको जानकारी राख्दै विद्यालय देखि घर सम्मको सडकको नक्साङ्कन आफ्नो समुदायमा हुने गरेका मौसम र प्राकृतिक प्रकोपको जानकारी दिई सचेत हुन<br>ख)आफ्नो समुदायमा रहेको ऐतिहासिक स्थला मन्दिर तथा विद्यालयहरूको नाम बताउन<br>२. आफ्नो समुदायका ऐतिहासिक तथा सामाजिक व्यक्तित्वहरुको नाम बताउने<br>३. आफ्नो समुदायका मानिसले गर्ने काम सँग परिचित हुन<br>४. आफ्नो समुदायका सास्कृतिक क्रियाकलापसँग परिचित हुन ।<br>५. आफूलाई मनपर्ने | १. नगरको भौगोलिक जानकारी र आफ्ना वडाको मुख्य सडकको नक्साङ्कन कार्य गर्न<br>२. नगरको मौसम प्राकृतिक प्रकोपको प्रभाव र बच्ने उपायहरुसगँ परिचित हुन्छ<br>३. आफ्नो समुदायका सास्कृतिक स्थलहरु मठ मन्दिर दरवार, तथा विद्यालयहरुको नाम बताउन<br>४. न. पा. भित्रका ऐतिहासिक तथा सामाजिक व्यक्तित्वहरुको नाम र सामान्य परिचय दिन<br>५. आफ्नो समुदायको आर्थिक क्रियाकलाप सँग परिचित हुन ।<br>६. समुदायको सामाजिक सांस्कृतिक गतिविधिहरुको पहिचान गर्न र सहभागिता जनाउन ।<br>७.सि.न.पा. मा रहेका सार्वजनिक सम्पति र प्राकृतिक सम्पदाको नाम बताउन<br>८.नगरभित्रका मौलिक जातजाति, रहनसहन, भेशभूषा परम्परा र परिकारहरुको सामान्य परिचय दिन<br>९.नगर क्षेत्रमा मनाईने होली पर्व, कला, जातीगत उत्सव महोत्सवहरुमा सहभागी भई | १. नगरको भौगोलिक र प्राकृतिक स्वरूपको परिचय दिन<br>२. नगरका प्रमुख सडकहरको नक्साङ्कन कार्य गर्न<br>३. नगरका ऐतिहासिक स्थलहरु मठ, मन्दिर,गढी किल्ला तथा विद्यालयहरुको परिचय दिन ।<br>४.न.पा भित्रका ऐतिहासिक तथा सामाजिक व्यक्तित्वहरुको परिचय र योगदान वताउन<br>५.आफ्नो समुदायको ऐतिहासिक तथा सामाजिक व्यक्तित्वहरुको परिचय र योगदान बताउन समुदायको सामाजिक गतिविधिहरुको पहिचान गर्न र सहभागिता जनाउन<br>६. नगर क्षेत्रका सार्वजनिक सम्पति र प्राकृतिक सम्पदा हरुको परिचय दिन<br>७. नगर भित्र रहेका मौलिक जातजाति, रहन सहन, भेशभूषा परंम्परा र परिकारहरुको महत्व बताउन<br>८. नगर क्षेत्रका मौलिक पर्वकला, जातीगत संङगीत,उत्सव महोत्सवको महत्व बताउन<br>९. नगरभित्र रहेका धार्मिक सांस्कृतिक तथा प्राकृतिक | १. नगरको प्राकृतिक र राजनीतिक नक्सा निर्माण गर्न<br>२. नगरमा हुने प्राकृतिक प्रकोपबाट बच्ने उपायहरु सम्बन्धी कार्यक्रममा सहभागी हुन<br>३.सिद्धिचरण न. पा. का ऐतिहासिक स्थलहरु, मन्दिर परिचय,महत्व र संरक्षणका उपायहरु बताउन तथा क्याम्पस, अस्पताल र प्रदेश एकको राजधानीका बारेमा जानकारी दिन<br>४.नगरका ऐतिहासिक, सामाजिक व्यक्तित्व तथा स्रष्टाहरुको परिचय र योगदान बताउन ।<br>५.सि न.पा का ऐतिहासिक प्रजातान्त्रिक आन्दोलनमा योगदान दिने व्यक्तिका वारेमा सामान्य जानकारी बताउन<br>६.नगर भित्रका व्यापारिक केन्द्र तथा ऐतिहासिक उद्योगको सामान्य परिचय र स्थलगत भ्रमण गर्ने सम्पदाहरुको भ्रमण अवलोकन गरी परिचय |

| | | | | |
|---|---|---|---|---|
| विभिन्न वाल क्रियाकलापमा सहभागि हुन ।<br>१२. स्थानीय खेल खेल्न<br>१३.हाम्रो वरपरको वातावरण घर, विद्यालय वरपर पाईने सजीव र निर्जीव वस्तुहरुको पहिचान गर्न<br>१४ हाम्रा वातावरणको राम्रा र नराम्रा पक्षहरु बताउन<br>१५ रुपैया पैसा चिन्न तथा यसको कार्य तथा प्रयोग गर्न<br>१६ आफूले प्राप्त गर्ने विभिन्न सेवा तथा सुविधाहरु सँग परिचित हुन र उपयोग गर्न<br>१७.स्थानीय सेवा र सुविधाहरु सँग परिचित हुन<br>१८.नगर भित्रका सुविधाहरु सँग परिचित हुन र सुविधाहरु बताउन | मनोरञ्जनात्मक सामाग्रीहरुको सूची बनाउन<br>६. हाम्रो वातावरण फोहर हुने कारणहरु वताउन<br>७. रुपैया पैसा चिन्न तथा यसको कार्य तथा प्रयोग बताउन<br>८. स्थानीय कच्चा पदार्थ र प्रविधिहरुको पहिचान गर्न<br>९. आफुले प्राप्त गर्ने स्थानीय सेवा तथा सुविधाहरु सगँ परिचित हुन र उपभोग गर्न<br>१०. सुविधाहरुको उपयोग गर्ने तरिका बताउन | परिचित हुन ।<br>१०. नगरभित्रका मुख्य मुख्य धार्मिक सांस्कृतिक तथा प्राकृतिक सम्पदाहरुको सामान्य परिचय दिन<br>११. खेलकुद तथा मनोरञ्जनवाट हुने फाईदाहरु वताउन<br>१२. स्थानीय खेल खेल्न, स्थानीय मनोरञ्जित स्थलहरुको परिचय दिन र सामान्य रुपमा हाम्रो वरपरको वातावरण सफा राख्ने उपायहरु बताउन<br>१३. कमाई गर्ने माध्यमहरू वारे बताउन तथा असल आनाबानी प्रदर्शन गर्न र कर्तव्य एवम् व्यवहार प्रदर्शन गर्न<br>१४. स्थानीय कच्चा पदार्थ र प्रविधिको प्रयोग गर्न | सम्पदाहरुको परिचय दिन र सरसफाईमा सहभागिता जनाउन<br>१०. ओखलढुङगामा रहेका प्रमुख जातजाती वारे बताउन<br>११. सदरमुकाममा मनाइने गाईजात्रा, रोपाइ जात्रा र श्री कृष्ण रथयात्राको परिचय दिन ।<br>१२. स्थानीय मनोरञ्जन, स्थानीय खेलकुदहरुको परिचय र महत्व बताउन<br>१३. जनावर र विरुवा वीचको अन्तर सम्बन्ध बताउन<br>१४. सि.न.पा भित्रका मानिसहरुले आयआर्जनका लागि गर्ने विभिन्न कामहरुको पहिचान र सम्मान गर्न<br>१५. घर र विद्यालयमा पालना गर्नुपर्ने आचारसंहिता बताउन र पालना गर्न । | बताउन<br>७. नगर भित्रका सामाजिक सांस्कृतिक गतिविधिहरुको पहिचान, सम्मान र महत्व बताउन<br>८.नगर क्षेत्रको मौलिक जातजाति, रहनसहन भेशभूषा संस्कृति रीतिरिवाजमा सहभागी हुन ।<br>९. सि.न.पा भित्रका मौलिक पर्व, कला, जातजाती, सङ्गीतको परिचय दिन र संरक्षणमा सहयोग गर्न<br>१०.नगरभरिका महत्वपूर्ण जातीगत रुपमा मनाइने चाडपर्वको महत्व बताउन<br>११. स्थानीय खेल तथा मनोरञ्जन स्थलहरुको परिचय र महत्व बताउन |

## ४. विषयवस्तुको क्षेत्र र क्रम



| विषय क्षेत्र | कक्षा १ | पा. घ. | कक्षा २ | पा. घ. | कक्षा ३ | पा. घ. | कक्षा ४ | पा. घ. | कक्षा ५ | पा. घ. |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १. सिद्धिचरण नगरपालिकाको सेरोफेरो | १.१.नगरपालिकाको परिचय<br><br>१.२. आफू बसेको स्थानको परिचय<br><br>१.३. आफ्नो परिचय | २० | १.१. आफ्नो घरवरपरको भौगोलिक अवस्था,<br><br>१.२. आफ्नो घर वरपरको धरातलीय स्वरूपः अग्लो, होचो, समथर, भिरालो,लेक , बँसी<br>१.३. वडा सङ्ख्या | २० | १.१ आफ्नो वडाको भौगोलिक अवस्था<br>१.२ आफ्नो वडाको धरातलीय स्वरूपः अग्लो, होचो, समथर, भिरालो, लेक, बेँसी,<br>१.३ आफ्नो घरको सिमानाः पूर्व पश्चिम, उत्तर र दक्षिण | २० | १.१ नगरपालिकाको धरातलीय स्वरूप अग्लो, होचो, समथर,भिरालो, लेक, बेँसी,<br>१.२ आफ्नो वडाको सिमानाः पूर्व, पश्चिम,उत्तर र दक्षिण<br>१.३ आफ्नो वडाको जनसङ्ख्या र घरधुरी सङ्ख्या | २० | १.१.नगरपालिकाको धरातलीय स्वरूप अनुसारको हावापानी<br>१.२.नगरपालिकाको सिमाना<br>१.३ नगरपालिकाको जनसङ्ख्या | २० |

| विषय क्षेत्र | कक्षा १ | पा. घ. | कक्षा २ | पा. घ. | कक्षा ३ | पा. घ. | कक्षा ४ | पा. घ. | कक्षा ५ | पा. घ. |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २. हाम्रो संस्कृति, मूल्य रमान्यता (क) चाडपर्व, संस्कृति र संस्कार | २.१ आफ्नो परिवारका सदस्यहरूले मनाउने मुख्य चाडपर्वहरू | ३० | २.१ आफ्नो छरछिमेक र टोलमा प्रस्तुत हुने स्थानीय चाडपर्व,गीत, नृत्य तथा वाजा | ३० | २.१ आफ्नो वडामा मनाइने स्थानीय चाडपर्व,गीत, जात्रा,नृत्य तथा वाजा २.२ आफ्नो परिवार भित्रको संस्कार र संस्कृति | ३० | २.१ आफ्नो नगरपालिकामा मनाइने स्थानीय चाडपर्व, गीत, जात्रा,नृत्य तथा वाजा २.२ आफ्नो वडा भित्रको संस्कार र संस्कृति | ३० | २.१ आफ्नो नगरपालिकामा मनाइने स्थानीय चाडपर्व, गीत, जात्रा,नृत्य, बाजा तथा महोत्सव २.२ आफ्नो नगरपालिका भित्रको संस्कृति र संस्कार | ३० |
| (ख)स्थानीय भाषा र भेषभूषा | २.१ आफ्नो परिवारले लगाउने पहिरनका नाम २.२ आफ्नो परिवारमा बोलिने भाषा | २० | २.१ आफ्नो परिवार र टोल छिमेकमा लगाउने पहिरनका नाम २.२ आफ्नो छिमेकमा बोलिने भाषा | २० | २.१ आफ्ना परिवार टोल छिमेकका मानिसहरूले लगाउने पहिरनको विशेषता २.२ आफ्नो टोलभित्र बोलिने भाषा | २० | २.१ आफ्ना वडाका मानिसहरूले लगाउने पहिरनको विशेषता २.२ आफ्नो वडा भित्र बोलिने भाषा | २० | २.१ आफ्नो नगरपालिका भित्रका मानिसहरूले लगाउने पहिरनको विशेषता २.२ आफ्नो नगरपालिका भित्र बोलिने भाषा | २० |
| (ग) | २.१ आफ्नो | | २.१ आफ्नो | | २.१ आफ्नो टोलमा | | २.१ आफ्नो वडामा | | २.१ आफ्नो | |

| विषय क्षेत्र | कक्षा १ | पा. घ. | कक्षा २ | पा. घ. | कक्षा ३ | पा. घ. | कक्षा ४ | पा. घ. | कक्षा ५ | पा. घ. |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ऐतिहासि/ पुरातात्विक सम्पदा, धार्मिक मूल्य रमान्यता | परिवारले मान्ने धर्म र धार्मिक स्थल | ५० | छिमेकमा मान्ने धर्म र धार्मिक स्थल | ५० | मान्ने धर्म र धार्मिक स्थल | ५० | मान्ने धर्म र धार्मिक स्थल<br>२.२ आफ्नो वडा भित्र भएका ऐतिहासिक स्थलहरू<br>२.३ आफ्नो वडा भित्ररहेका विशिष्ट प्रतिभा र शहिदको खोजी | ५० | नगरपालिकामा मान्ने धर्म र धार्मिक स्थल<br>२.२ आफ्नो नगरपालिका भित्र भएका ऐतिहासिक स्थलहरू<br>२.३ आफ्नो नगरपालिका भित्र रहेका विशिष्ट प्रतिभा र शहिदको खोजी | ५० |
| ३.हाम्रो पर्यटन | ३.१ आफ्नो घरवरपर भएका प्रचलित पर्यटकीय स्थलहरू | ४० | ३.१ आफ्नो वडाभित्र भएका प्रचलित पर्यटकीय स्थलहरू | ४० | ३.१ आफ्नो नगरपालिका भित्र भएका प्रचलित पर्यटकीय स्थलहरू | ४० | ३.१ आफ्नो वडा तथा नगरपालिका भित्र प्रचलित पर्यटकीय स्थलहरूको महत्व | ४० | ३.१ आफ्नो वडा तथा नगरपालिका भित्र प्रचलित पर्यटकीय स्थलहरूको संरक्षण र संवर्धन | ४० |

## विषयवस्तुको विस्तृतीकरण

**५. १ कक्षा : १ विषय विस्तृतीकरण विषय : हाम्रो सिद्धिचरण नगरपालिका/आधारभूत तह स्थानीय पाठ्यक्रम मस्यौदा–२०७९**

| विषय क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तु विस्तृतीकरण | शिक्षण सिकाइ प्रक्रिया | सन्दर्भ सामग्री | मूल्याङ्कन |
|---|---|---|---|---|---|
| १. सिद्धिचरण नगरपालिकाको सेरोफेरो | १.१. आफ्नो नाम, उमेर बताउन<br>१.२ आफू जन्मेको ठाउँ, टोल, वडा | १.१ आफ्नो परिचयजस्तै : नाम, उमेर | • परिचय खेल खेलाएर प्रस्टसँग विद्यार्थीलाई आफ्नो परिचय भन्ने अभ्यास गराउने | चित्र, पोस्टर भिडियो | निम्म लिखित र यस्तै सान्दर्भिक प्रश्नहरूमा आधारित |

| विषय क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तु विस्तृतीकरण | शिक्षण सिकाइ प्रक्रिया | सन्दर्भ सामग्री | मूल्याङ्कन |
|---|---|---|---|---|---|
| | बताउन<br>१.३ आफ्नो नगरपालिकाको नाम बताउन | १.२ आफू बसेको स्थानको परिचय<br>जस्तै : टोल, वडा नं<br>१.३ नगरपालिकाको परिचय<br>जस्तै : सिद्धिचरण नगरपालिका | ➢ विद्यार्थीको पूर्वअनुभवसँग जोडेर आफू बसेको स्थानको नाम छलफल गराउने<br>➢ विद्यार्थीलाई पालैपालो आफु बसेको स्थानको नाम भन्ने अभ्यास गराउने, यसै गरी वडा नम्बर चिनाएर भन्न अभ्यास गराउने<br>➢ हाम्रो नगरपालिकाको नाम कसलाई थाहाछ भनी प्रश्न गर्ने, सकेसम्म विद्यार्थीबाट नगरपालिकाको नाम बताउने प्रयास गराउने, विद्यार्थीले भन्न नसके शिक्षक आफैँले नगरपालिकाको नाम बताइदिने र उच्चारण गर्न अभ्यास गराउने<br>➢ पुनः आफ्नो नाम, गाउँ टोलको नाम, वडा नं,नगरपालिकाको नामसहित भन्ने गरी परिचय खेल खेलाउने । प्रस्ट भन्न नसकेसम्म अभ्यासलाई निरन्तरता दिने<br>➢ सिद्धिचरण नगरपालिकाका विभिन्न ठाउँको भिडियो दृष्य देखाएर छलफल गराउने,<br>➢ विद्यालय वरपरका ठाउँहरू घुमाउने र छलफल गर्दै सिद्धिचरण न.पा.का वडा र बस्ती चिनाउने | | भई विद्यार्थीको मूल्याङ्कन गर्नुहोस्:<br>• तपाईंको नाम केहो ?<br>• तपाईंको गाउँको नाम के हो?<br>• तपाईंको वडा नं भन्नुहोस त ।<br>• तपाईंको नगरपालिकाको नाम के हो ? |
| २. हाम्रो संस्कृति, मूल्य | क.२.१ आफ्नो परिवारका सदस्यहरूले मनाउने चाडपर्वको नाम बताउन, | २.१ आफ्नो परिवारका सदस्यहरूले मनाउने | • विद्यार्थीको पूर्वअनुभवलाई आधार बनाई प्रश्न गर्ने | चाडपर्व<br>मनाएको | निम्न लिखित र यस्तै सान्दर्भिक प्रश्नहरूमा |

| विषय क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तु विस्तृतीकरण | शिक्षण सिकाइ प्रक्रिया | सन्दर्भ सामग्री | मूल्याङ्कन |
|---|---|---|---|---|---|
| र मान्यता<br><br><br>क. चाडपर्व संस्कृति र संस्कार | | मुख्य चाडपर्वहरू जस्तै : दशैँ, तिहार, माघी पर्व, पूर्णिमा ( यमोरी, फागु, जनैपूर्णिमा) आदि, क्रिशमस, गाईजात्रा, हरितालिका, हरिवोधनी एकादशी वाला चर्तुदशी, आदि | जस्तैः तपाईँले दशैँ चाड मनाउनु भएको छ? अरू कुन कुन चाड मनाउनु भएको छ? विद्यार्थीले दिएको उत्तरलाई आधार बनाई चाड पर्व के हो र किन मनाउनु पर्छ छलफल गराउने<br>• विभिन्न स्थानीय चाड मनाएका चित्र प्रदर्शन गरी छलफल र प्रश्नोत्तर गर्ने र आफ्नो परिवारले मनाएको चाड पहिचान गराउने<br>• विद्यार्थीको परिवारले मनाउने गरेका चाँडपर्वहरूको नाम मस्तिष्क मन्थन (Brainstorming) विधि अपनाई सङ्कलन गर्ने , प्राप्त नामहरू बोर्डमा टिप्दै जाने<br>• आएका नामहरू मध्येबाट विद्यालय रहेको क्षेत्र भित्रका मनाइने चाँडपर्वहरू कुनकुन हुन्भनी छलफल गराउने<br>• छलफलबाट आएका नामहरू छुट्टै लेख्ने<br>• ती नामहरू मध्ये कुनै तीनवटा चाँडपर्वको नाम भन्न लगाउने<br>• कुनै एउटा पर्व मनाएको नाटकीकरण गराउने र शिक्षकले थप सहजीकरण गर्ने | चित्र, पोस्टर | आधारित भई विद्यार्थीको मूल्यांकन गर्ने<br>• तपाईँले मनाउने तीनओटा चाडको नाम भन्नुहोस् ।<br>• तपाईँले चाडपर्वका बेलामा गाउने गरेको एउटा गीत गाएर सुनाउनुहोस् । |

| विषय क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तु विस्तृतीकरण | शिक्षण सिकाइ प्रक्रिया | सन्दर्भ सामग्री | मूल्याङ्कन |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| ख.स्थानीय भाषा र भेषभूषा | ख.२.१ आफ्नो परिवारले लगाउने पहिरनका नाम बताउन<br><br>२.१ आफ्नो परिवारले बोल्ने भाषाको नाम बताउन | २.१ आफ्नो परिवारले लगाउने पहिरनका नाम जस्तै :सर्ट पाइन्ट,फरिया, चोलो, हाकु,पटासी, दौरा सुरुवाल,ढाका टोपी, आङ्गी, पाङ्गदेन, दोचा,पगरी,कमिज , कछाड आदि<br>२.२ आफ्नो परिवारमा बोलिने भाषा जस्तै : नेपाली, नेवारी,तामाङ, राई आदि | • विद्यार्थीको पूर्वअनुभवलाई आधार मानी प्रश्न गर्ने जस्तैः तपाईंले अहिले कुनकुन लुगा लगाउनु भएको छ ? घरमा कुन कुन लुगा लगाउनु हुन्छ ? मैले लगाएका लुगाको नाम के के होला ? तपाईंको आमा बुबाले के के लुगा लगाउनु हुन्छ ? जस्ता प्रश्न गर्ने<br>➢ विद्यार्थीबाट जे जस्तो जवाफ आउँछ स्वीकार गर्ने र स्याबास दिने<br>• विभिन्न पहिरनका चित्र पोष्टर प्रदर्शन गर्ने र छलफल गर्दै पहिरनका नाम भन्न लगाउने<br>• चित्र पोष्टरमा भएका चित्र मध्ये विद्यार्थीले र उनका आमा बुबाले लगाउने पहिरन चिन्न र भन्न लगाउने<br>• तपाईंले घरमा बोल्ने भाषा के हो भनी प्रश्न गर्ने र पालैसँग बोल्न लगाउने, उनीहरूले बोलेको आधारमा यो नेपाली भाषा हो, यो नेवारी भाषा हो, यो तामाङ भाषा हो भनी चिनाउने | स्थानीय स्तरका विभिन्न जाति<br><br>जातिका<br><br>पहिरनको नमुना | निम्न लिखित र यस्तै सान्दर्भिक प्रश्नहरूमा आधारित भई विद्यार्थीको मूल्यांकन गर्ने :<br>तपाईंले लगाउने पोषाकको नाम केके हुन् ?<br>• तपाईंको आमाले लगाउने पोसाक केके हुन् ?<br>• तपाईंको बुबाले लगाउने पोसाक के केहुन्?<br>• तपाइँ घरमा कुन भाषा बोल्नु हुन्छ |
| ग.१ऐतिहासिक/ पुरातात्विक सम्पदा, | ग.२.१. आफ्नो परिवारले मान्ने धर्मको नाम बताउन | २.१ आफ्नो परिवारले मान्ने धर्म र धार्मिक | • घरमा आमाबुबाले देवी देवता, बुद्ध, यशु खिस्ट, अल्लाह कस्को पूजाआजा भजन | स्थानीय मठ मन्दिर, चैत्य गुम्बा, चर्चका चित्र | • मठ मन्दिर, चैत्य गुम्बा, चर्चका चित्र |

| विषय क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तु विस्तृतीकरण | शिक्षण सिकाइ प्रक्रिया | सन्दर्भ सामग्री | मूल्याङ्कन |
|---|---|---|---|---|---|
| धार्मिक मूल्य र मान्यता | ग.२.२ आफ्नो वरपर रहेका मठमन्दिर, चैत्य गुम्बा, चर्चका नामबताउन, | स्थल जस्तै :सिद्धिचरण गणेश मन्दिर, ककनी,गुम्बा, देवी मन्दिरहरू (परम्परागत रूपमा पूजा गर्ने गरेका) धार्मिक सहिष्णुता रहेको, हिन्दु धर्म, बौद्धधर्म, ( ईस्लाम धर्म, मुस्लिम धर्म) ईशाई धर्म आदि । | कीर्तन गर्नुहुन्छ ? विद्यार्थीको पूर्वअनुभवको आधारमा छलफल गर्ने र पूजाआजा भजन कीर्तनका आधारमा धर्म चिनाउने<br>• मठ मन्दिर, चैत्य गुम्बा, चर्चका चित्र( पोष्टर प्रदर्शन गरी कुन धर्मका मानिसले कहाँ पूजाआजा गर्छन्, छलफल गर्ने र विभिन्न धर्मका नाम प्रष्ट पार्ने<br>• नजिकको मठ मन्दिर, चैत्य गुम्बा, चर्च अवलोकन गराउने र धर्मका विषयमा छलफल गर्ने र आफ्नो परिवारले मान्ने धर्म बताउन लगाउन्े। | फोटो/तस्वीर भिडियो | देखाइ प्रश्न गर्ने जस्तैः यो के को चित्र हो ? चर्चको चित्र कुन हो ? गुम्बाको चित्र कुन हो ? आदि • तपाईंका आमाबुबाले कुन धर्म मान्नु हुन्छ ? |
| ३. हाम्रो पर्यटन | ३.१ आफ्नो घर वरपर भएका प्रचलित पर्यटकीय स्थल बताउन | ३.१ आफ्नो घर वरपर भएका प्रचलित पर्यटकीय स्थलहरू जस्तै : पताले डाँडा, लगलगे डाँडा | • शिक्षकले आफू सिद्धिचरण नगरपालिकाको कुनै ठाउँभ्रमण गरेको अनुभव सुनाउने र तपाईं आमाबुबासँग कुन कुन ठाउँ घुम्न जानु भएको छ ? भनी प्रश्न गर्ने । पालैसँग विद्यार्थीको अनुभव व्यक्त गर्न लगाउने<br>• सिद्धिचरण न.पा.का रमाइला ठाउँहरूको फोटोवाट भिडियो दृष्य देखाउने र ठाउँ चिनाउने<br>• नजिकैको पर्यटकीय स्थल अवलोकन गराउने | सिद्धिचरण न.पा.का पर्यटकीय स्थलहरूको फोटो, भिडियो | • तपाईंले भ्रमण गरेको न.पा.का तीनओटा ठाउँको नाम भन्नुहोस्। • तपाईंलाई सबभन्दा रमाइलो लागेको ठाउँ कुन हो ? |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तु विस्तृतीकरण | शिक्षण सहजीकरण प्रक्रिया | सन्दर्भ सामग्री | मूल्याङ्कन |
|---|---|---|---|---|---|
| १. सिद्धिचरण नगरपालिकाको सेरोफेरो | १.१ आफ्नो घर बस्ती वरपरको भौगोलिक अवस्था पहिचान गर्न<br>१.२ आफ्नो नगरपालिका भित्र रहेका वडा सङ्ख्या बताउन | १.१ आफ्नो घर वरपरको धरातलीय स्वरूप :<br>अग्लो, होचो, समथर, भिरालो, लेक, बेँसी आदि<br><br>१.२ वडा सङ्ख्या<br>वडा नं १,२, ३, ४, ५, ६,७, ८, ९, १०,११,१२ | • विद्यार्थीलाई विद्यालयको चौरमा लैजाने र विद्यालय वरपरको धरातलीय बनावट अग्लो, होचो, समथर, भागहरू कता कता छन् देखाउन लगाई छलफल गराउने<br>• विद्यार्थीको घरवपर जमिनका भाग कस्ता कस्ता छन् उनीहरूको अनुभव व्यक्त गर्न लगाई छलफल गराउने र अग्लो होचो भिरालो समथर भागको पहिचान गराउने<br>• अग्लो, होचो, भिरालो, समथर भागदेखिने चित्र प्रदर्शन गरी छलफल गराउने र तपाइँको घर भएको ठाउँकुन चित्रसँग मिल्छ भन्दै पहिचान गराउने,<br>• नगरपालिकाको नक्सा प्रदर्शन गरी बाह्रै ओटा वडा चिनाउने र आफू बसेको वडासँग जोडिएका छिमेकी वडाहरू पहिचान गराउने | विद्यालय सेवा क्षेत्रको धरातलीय वनावट खुल्ने फोटो भिडियो | तपाइँको घर कस्तो ठाउँमा छ?<br>● भिरालो जमिन तपाइँको घरबाट कता पट्टि छ ?<br>● तपाइँको गाउँको चित्र बनाउनुहोस्<br>● तपाइँको वडासँग कुन कुन छिमेकी वडाहरू जोडिएका छन् ? |
| २.क: हाम्रो संस्कृति, मूल्य र मान्यता<br>(क)चाडपर्व, संस्कृति र संस्कार | २.१ आफ्नो टोल छिमेकमा मनाइने चाडपर्व बताउन<br>२.२ आफ्नो टोल छिमेकमा चाडबाड महोत्सवमा बजाइने बाजाको नाम उल्लेख गर्न | २.१ आफ्नो छरछिमेक र टोलमा प्रस्तुत हुने स्थानीय चाडपर्व,<br>जस्तै: जस्तै : दशैं, तिहार, माघी पूर्णिमा, क्रिशमस, | • आफ्नो परिवार र टोल छिमेकमा मनाइने चाडपर्व र महोत्सवको सूची बनाउन लगाउने<br>• विद्यालय नजिकका चाडपर्व र महोत्सवसँग जानकार व्यक्तिलाई आमन्त्रण गरी जातीगत रूपमा | स्थानीय बाजाकानमुना, चाडपर्व मनाएका चित्र, पोष्टर, भिडियो | ➢ तपाइँको टोल छिमेकले मनाउने चाडपर्व के के हुन्<br>● तपाइँको छिमेकमा चाडपर्व महोत्सवमा |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तु विस्तृतीकरण | शिक्षण सहजीकरण प्रक्रिया | सन्दर्भ सामग्री | मूल्याङ्कन |
|---|---|---|---|---|---|
| | २.३ कुनै एक स्थानीय गीत गाउन साथै नृत्य गर्न, | कार्तिके पूर्णिमा,गाईजात्रा,चैत्त पूर्णिमा, गणेश चौथी,साउने मेला, हरितालिका,बुद्ध पूर्णिमा, जनै पूर्णिमा,वाला चर्तुदशी, देवाली<br>गीत, नृत्य जस्तै : भजन कीर्तन, नेवारी गीत,सेलो, असारे, रत्यौली आदि।<br>वाजा जस्तै : वाजा – धिमे वाजा, ढ्यांङ्ग्रो, बाँसुरी, डम्फु, खैजडी, मादल, झ्याली, बाजा आदि । | मनाइने चाडपर्व र महोत्सव के केहुन, कसरी मनाइन्छ, कस्ता कलाहरू प्रस्तुत गरिन्छ, कस्ता बाजाहरू बजाइन्छ ? विद्यार्थीलाई जानकारी गराउन शिक्षकले सहजीकरण गर्ने<br>• स्थानीय चाडपर्व महोत्सवमा गाइने गीत र बाजाहरूको सूची बनाउन लगाउने<br>• मादल खैंजडी, डम्फु, धौ बाजा बजाउने अभ्यास गराउने<br>• स्थानीय महोत्सवमा गाइने नेवारी गीत, तामाङ सेलो, भजनकीर्तन गाउने र नृत्य गर्ने आभ्यास गराउने र सबै कक्षाका विद्यार्थीबिच प्रस्तुति गराउने | | गाउने गीत के हो<br>● एउटा एउटा भजन गाएर सुनाउनुहोस्<br>● मादल, डम्फु खैंजेडी बजाएर देखाउनुहोस् |
| (ख)स्थानीय भाषा र भेषभूषा | ख.२.१ आफ्ना परिवार टोल छिमेकका मानिसहरूले लगाउने पहिरनको परिचय दिन<br>२.२ आफ्नो टोल छिमेकमा बोलिने भाषाको नाम बताउन | २.१ आफ्नो परिवार र टोल छिमेकमा लगाउने पहिरनका नाम<br>जस्तै : सर्ट पाइन्ट, चोलो फरिया, नेवार– हाकु पटासी, दौरा सुरुवाल, ढाका टोपी आदि ।<br>तामाङ्ग– आङ्गी, पाङ्गदेन, | • विद्यालय सेवा क्षेत्र भित्रका मानिसले लगाउने पहिरनका नमुना सङ्कलन गर्ने र प्रदर्शन गराउने<br>• प्रदर्शन गरिएका पहिरन मध्येबाट आफ्नो परिवार र छरछिमेकीले लगाउने पहिरन चिन्न लगाउने<br>• चाड वा महोत्सव मेला | स्थानीय जातजातिका पहिरनका नमुना | ➢ तपाइँका परिवारका सदस्यले लगाउने पहिरनका नाम भन्नुहोस् ।<br>● छिमेकी महिला र पुरुषले लगाउने पहिरनको सूची बनाउनुहोस् । |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तु | शिक्षण सहजीकरण प्रक्रिया | सन्दर्भ सामग्री | मूल्याङ्कन |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| | | **विस्तृतीकरण** | | | |
| | | बख्खु, दोचा, लुङ्गी पगरी,कमिज, कछाड आदि ।<br>२.२ आफ्नो छिमेकमा बोलिने भाषा जस्तै : नेपाली, नेवारी, तामाङ, संस्कृत आदि । | अवलोकन गराउने र महिला पुरुषले के कस्ता पहिरन लगाएका छन् ? सूची तयार गर्नलगाउने ।<br>• महिला पुरुषले लगाउने पहिरन छुट्याउन लगाउने<br>• शिक्षकले एउटा पहिरनको परिचय नमुनाको रूपमा प्रस्तुत गर्ने र विद्यार्थीलाई त्यसै गरी प्रस्तुत गर्न लगाउने<br>• विद्यार्थीले घरमा कुन भाषा बोल्छन् उनीहरूको अनुभव अभिव्यक्त गर्न लगाउने र भाषाको पहिचान गराउने | | ➢ हाकु पटासी पहिरनको छोटो परिचय दिनुहोस् ।<br>● तपाइँको छिमेकमा कुन कुन भाषा बोल्छन् ? |
| (ग) ऐतिहासिक / पुरातात्विक सम्पदा, धार्मिक मूल्य र मान्यता | ग.२.१. आफ्नो छिमेकले मान्ने धर्मको नाम बताउन<br>२.२.टोल छिमेकमा रहेका मठ मन्दिर, चैत्य गुम्बा, चर्च आदिका सामान्य परिचय दिन, | २.१ आफ्नो छिमेकमा मान्ने धर्म र धार्मिक स्थलजस्तै : सिद्धिचरण, गणेश मन्दिर, ककनी, हिन्दु धर्म, बौद्ध धर्म, ईस्लाम धर्म/मुस्लिम धर्म, ईशाई धर्म आदि । | • तपाइँको परिवारले कुन धर्म के केगरी मनाउनु हुन्छ भनी प्रश्न गर्ने र विद्यार्थीको अनुभवलाई अभिव्यक्त गर्न प्रोत्साहन गर्ने<br>• शिक्षकले स्थानीय स्तरमा मनाइने धर्मको परिचय दिने र विद्यार्थीलाई धर्मको परिचय दिन अभ्यास गराउने<br>•स्थानीय स्तरमा रहेका मठ मन्दिर,चैत्य गुम्बा, चर्चमा मेला लाग्ने अवसर पारी विद्यार्थीलाई अवलोकन गर्न लगाई अवलोकनको आधारमा | स्थानीय स्तरका धार्मिक कार्य, मठ ,मन्दिर, चैत्य,गुम्बा, चर्चका फोटा, पोस्टर र भिडियो | तपाइँ कुन धर्म मनाउनु हुन्छ ?<br>● तपाइँले मान्ने धर्मको सामान्य परिचय दिनुहोस्<br>● तपाइँको घरनजिक रहेको मन्दिरको छोटकरीमा परिचय दिनुहोस् |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तु विस्तृतीकरण | शिक्षण सहजीकरण प्रक्रिया | सन्दर्भ सामग्री | मूल्याङ्कन |
|---|---|---|---|---|---|
| | | | तिनीहरूको परिचय दिन लगाउने | | |
| ३. हाम्रो पर्यटन | ३.१ आफ्नो वडा भित्र भएका प्रचलित पर्यटकीय स्थलहरू अवलोकन र पहिचान गर्न | ३.१ आफ्नो वडा भित्र भएका प्रचलित पर्यटकीय स्थलहरू जस्तै : पतालेडाँडा | • आफ्नो वडा भित्रका पर्यटकीय क्षेत्रका चित्र, पोष्टर र भिडियो प्रदर्शन गर्ने र ठाउँहरू चिनाउने<br>• प्रदर्शन गरिएका ठाउँहरू कुन कुन स्थान भ्रमण गर्नुभएको छ भनी विद्यार्थीलाई प्रश्न गर्ने र भ्रमण गरेका ठाउँको नाम भन्न प्रोत्साहन गराउने<br>• शिक्षक आफूले ती ठाउँ मध्ये एउटा ठाउँको देखेका र अनुभव गरेका कुरा सुनाउने र सोही अनुसार विद्यार्थीलाई भ्रमण गर्दा देखेका र अनुभव गरेका कुरा सुनाउन प्रोत्साहन गर्ने<br>• विद्यालयबाट नजिकको एउटा पर्यटन स्थल भ्रमण गराउने र त्यहाँ देखेका साथै रमाइलो लागेका कुरा कापीमा टिपोट गर्न लगाउने<br>आफूले भ्रमण गरेका आफ्नो वडा भित्रका दुई ठाउँको एक एक अनुच्छेदमा वर्णन गर्न लगाउने | आफ्नो वडा भित्रका पर्यटकीय स्थलहरूका फोटो र भिडियो | सिद्धिचरण नगरपालिकामा आफुले भ्रमण गरेका तीनओटा ठाउँको नाम लेख्नुहोस् ।<br>● आफूले भ्रमण गरेको रमाइलो ठाउँको एक अनुच्छेदमा वर्णन गर्नुहोस् । |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तु विस्तृतीकरण | शिक्षण सिकाइ प्रक्रिया | सन्दर्भ सामग्री | मूल्याङ्कन |
|---|---|---|---|---|---|
| १. सिद्धिचरण नगरपालिकाको सेरोफेरो | १.१ आफ्नो वडाको धरातलीय बनावट पहिचान गर्न<br><br>१.२ आफ्नो घरको सिमाना छुट्याउन | १.२ आफ्नो वडाको धरातलीय स्वरूप :अग्लो, होचो, समथर, भिरालो, लेक, बैँसी,<br><br>१.३ आफ्नो घरको सिमानाः पूर्व पश्चिम, उत्तर र दक्षिण | • आफ्नो वडाको नक्सा देखाएर वडा भित्र रहेका स्थानहरू पहिचान गर्न लगाउने<br>• आफ्नो वडा भित्र भएका कुनकुन ठाउँहरू अग्ला स्थानमा छन्,कुन कुन ठाउँ होचा स्थानमा छन, कुन कुन स्थान समथर छन्,उनीहरूले घुमेको देखेको आधारमा छलफल गराउने<br>• आफ्नो विद्यालय नजिकका स्थानहरू अवलोकन गराउने र अग्लो, होचो समथर, लेक, बैँसी पहिचान गराउने<br>•आफ्नो वडामा भएका मुख्य मुख्य भौगोलिक स्थानहरूको भिडियो वा फोटा देखाएर छलफल गराउने,<br>• आफ्नो वडामा भएका गाउँ बस्तीहरू पहिचान गर्न लगाउने र गाउँ बस्तीहरूको नाम सूचीबद्ध गर्न लगाउने | आफ्नो वडा क्षेत्रको धरातलीय वनावट खुल्ने फोटो भिडियो | तपाइँको वडाको धरातलीय बनावट कस्तो छ ?<br><br>• तपाइँको वडामा भएका गाउँ बस्ती हरूको सूची बनाउनुहोस् |
| २. हाम्रो संस्कृति, मूल्य र | २.१ आफ्नो वडाभित्र मनाइने | २.१ आफ्नो वडामा | • आफ्नो वडा भित्रका मानिसहरूले | स्थानीय बाजाका | • गाईजात्रा कसरी |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तु विस्तृतीकरण | शिक्षण सिकाइ प्रक्रिया | सन्दर्भ सामग्री | मूल्याङ्कन |
|---|---|---|---|---|---|
| मान्यता (क) चाडपर्व, संस्कृति रसंस्कार | चाडपर्व बताउन<br><br>२.२ आफ्नो वडा भित्र चाडबाड महोत्सवमा बजाइने बाजाको नाम उल्लेख गर्न<br>२.३ कुनै एक स्थानीय गीत गाउन साथै नृत्य गर्न,<br>२.४ आफ्नो परिवार भित्र गरिने कुनै तीन ओटा संस्कार बताउन | मनाइने स्थानीय चाडपर्व, गीत, जात्रा,नृत्य तथा बाजा<br><br>२.२ आफ्नो परिवार भित्रको<br><br>संस्कार र संस्कृति जस्तै : पहिचान : न्वारान, पास्नी, गुन्युचोली, ब्रतबन्ध,चौरासी पूजा, मृत्युसंस्कार, आमाबुबा को मुखहेर्ने औंसी, पितृ पूजा, श्राद्धा आदि<br>भाषाः नेवार, तामाङ, नेपाली आदि | मनाउने मुख्य मुख्य चाडहरू केके हुन छलफल गर्ने<br>• चाँडपर्वको सामान्य परिभाषा बताउने उल्लेखित नामहरू मध्ये कुनै तीनवटा चाडपर्वको बारेमा विद्यार्थीको जानकारीमा रहेको कुरा बताउन लगाउने<br>• उक्त पर्वहरू मनाएको अभिनय गर्न लगाउने<br>• आफ्नो वडा भित्रका स्थानीय चाडपर्व, महोत्सव र मेलामा गाइने गीत गाउन अभ्यास गराउने र पहिरन सहित अभिनयात्मक नृत्य अभ्यास गराउने<br>• न्वारन, पास्नी, गुन्युचोलो, ब्रतवन्ध, विहे, चौरासी पूजा, बेलविवाह, श्राद्धा जस्ता संस्कार हरूको चित्र पोष्टर प्रदर्शन गराउने र विद्यार्थीका घरमा कुन कुन संस्कार हुन्छन्, विद्यार्थीको अनुभव अभिव्यक्त गर्न प्रोत्साहन गर्ने | नमुना, चाडपर्व मनाएका र संस्कारहरूको चित्र, पोष्टर, भिडियो | मनाइन्छ वर्णन गर्नुहोस्<br><br>• स्थानीयस्तरमा मनाइने चाड र मनाउने मिति सूचीकृत गर्नुहोस्<br>• विवाह महोत्सवमा गाइने रत्यौली गीत गाउनुहोस् र नृत्य देखाउनुहोस्<br>• तपाईंको घरमा गरिने तीन ओटा संस्कारको नाम भन्नुहोस् । |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तु | शिक्षण सिकाइ प्रक्रिया | सन्दर्भ सामग्री | मूल्याङ्कन |
|---|---|---|---|---|---|

| | | विस्तृतीकरण | | | |
|---|---|---|---|---|---|
| | | | • विद्यालय नजिक रहेका बस्तीमा न्वारन, पास्नी, गुन्युचोलो, ब्रतवन्ध, विहे,चौरासी पूजा, बेलविवाह, श्राद्ध परेका समय पारेर अवलोकन गराउने | | |
| ख.स्थानीय भाषा र भेषभूषा | ख.२.१ आफ्ना परिवार टोल छिमेकका मानिसहरूले लगाउने पहिरनको विशेषता बताउन<br>२.२ आफ्नो टोल छिमेकमा बोलिने भाषाको नाम बताउन | २.१ आफ्ना परिवार टोल छिमेकका मानिसहरूले लगाउने पहिरनको विशेषता<br>जस्तैः पाइन्ट, चोलो फरिया, नेवार–हाकु पटासी, दौरा सुरुवाल, ढाका टोपी,<br>तामाङ्ग–आङ्गी,पाङ्गदेन, बख्खु, दोचा, लुङ्गी पगरी, कमिज, कछाड<br>२.२. आफ्नो टोल भित्र बोलिने भाषा जस्तै :नेवार, नेपाली, | • स्थानीय स्तरमा लगाइने जातिगत पहिरनहरू सङ्कलन गर्ने र प्रदर्शन गराउने<br>• कुन-कुन पहिरन विशेष गरी कुन कुन जातिजातिले लगाउँछन्, छलफल गर्ने<br>• नेवार, तामाङ र क्षत्री ब्राह्मणले लगाउने पहिरनमा के के फरक छ,महिला र पुरुषले लगाउने पहिरनमा के के फरक छ, छलफल गर्ने र फरक छुट्याउन लगाउने<br>• आफ्नो टोल छिमेकका मानिसले कुन कुन भाषा बोल्छन् छलफल गराई विद्यार्थी अनुभव अभिव्यक्त गर्न लगाउने<br>• फरक फरक मातृभाषा बोल्ने विद्यार्थीलाई आफ्नो मातृभाषमा शब्द तथा विचार अभिव्यक्त गर्न लगाउने | स्थानीय जातजातिका पहिरनका नमुना<br>मातृभाषाका अडियो,<br>मातृभाषाका चित्रपत्ती,<br>शब्दपत्ती,<br>वाक्यपत्ती | • नेवार जातिले लगाउने विशेष पहिरनहरू के के हुन्?<br>• तामाङ जातिले लगाउने विषेश पहिरन के के हुन्?<br>• नेवार र तामाङले लगाउने पहिरनमा केके फरक छ ?<br>• तपाईंको टोल छिमेकमा बोलिने तीनओटा मातृभाषा के के हुन भन्नुहोस्। |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तु विस्तृतीकरण | शिक्षण सिकाइ प्रक्रिया | सन्दर्भ सामग्री | मूल्याङ्कन |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| | | तामाङ आदि | • आफ्नो टोल छिमेकमा बोल्ले भाषा चित्र पत्ती, शब्द पत्ती प्रयोग गरी उच्चारण अभ्यास गराउने | | |
| ग.१ ऐतिहासिक/ पुरातात्विक सम्पदा, धार्मिक मूल्य र मान्यता | ग.२.१. आफ्नो टोल भित्र मान्ने धर्मको नाम बताउन<br>२.२ आफ्नो टोलभित्र रहेको धार्मिक स्थल र सम्पदाको नाम बताउन | २.१ आफ्नो टोलमा मान्ने धर्म र धार्मिक स्थल जस्तैः सिद्धिचरण गणेश मन्दिर, ककनी आदि । | • तपाईको टोल छिमेकी वडामा भएका मठ मन्दिरहरूको नाम बताउनुहोस् ? भनी सोध्ने र विद्यार्थीहरूले भनेको कुरा टिपेर छलफल गराउने<br>• स्थानीय स्तरमा भएका प्रमुख धार्मिक स्थलहरूमा मेला लागेका फोटो वा भिडियो देखाएर वर्णनगर्ने<br>• विद्यालयनजिकै कुनै धार्मिक स्थलमा लाग्ने मेला अवलोकन गराउने<br>• मेला देखेको आधारमा प्रतिवेदन तयार गर्न लगाउने<br>• आफ्नो टोलमा भएका कुनै एक मन्दिरको बारेमा सोधखोज गरी जानकारी लेख्न लगाउने । | स्थानीय स्तरका धार्मिक कार्य, मठ मन्दिर, चैत्य<br>गुम्बा, चर्चका फोटो, पोस्टर र भिडियो | • तपाइँको टोल छिमेकमा कुन कुन मठमन्दिर, चैत्य गुम्बा चर्च छन्, सूची बनाउनुहोस्<br>• तपाइँको घर नजिक लाग्ने मेला अवलोकन गरी प्रतिवेदन तयार गर्नुहोस् |
| ३. हाम्रो पर्यटन | ३.१ आफ्नो नगरपालिका भित्र भएका प्रचलित पर्यटकीय स्थलहरू | ३.१ आफ्नो नगरपालिका भित्र | • सिद्धिचरण नगरपालिकाको सबै वडाहरूमा पर्यटकीय स्थल अंकित | सिद्धिचरण न.पा.का पर्यटकीय | • तपाइँले भ्रमण गरेको पर्यटकीय |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तु विस्तृतीकरण | शिक्षण सिकाइ प्रक्रिया | सन्दर्भ सामग्री | मूल्याङ्कन |
|---|---|---|---|---|---|
| | अवलोकन र पहिचान गर्न | भएका प्रचलित पर्यटकीय स्थलहरू जस्तैः पताले डाँडा आदि | नक्सा देखाएर सिद्धिचरण नगरपालिकाको पर्यटकीय स्थल पहिचान गर्न लगाउने ।<br>•न.पा.मा भएका मुख्य मुख्य पर्यटकीय स्थानहरूको भिडियो वा फोटा देखाएर छलफल गराउने,<br>•विद्यालय वरपरका मुख्य पर्यटकीय स्थानहरूमा घुमाउने र त्यहाँका विशेषताहरु छलफल गराउँदै पर्यटकीय क्षेत्रको परिचय गराउने साथै पर्यटन क्षेत्र हुनाका कारण बताउने | स्थलहरूका फोटो/तस्वीर रभिडियो | स्थानको वर्णन गरी एक अनुच्छेद लेख्नुहोस्<br>• सिद्धिचरण न.पा.मा रहेका पर्यटकीय स्थलहरूको सूची तयार गर्नुहोस् |

| क्षेत्र | सिकाइउपलब्धि | विषयवस्तु विस्तृतीकरण | शिक्षण सिकाइ प्रक्रिया | सन्दर्भ सामग्री | मूल्याङ्कन |
|---|---|---|---|---|---|
| १. सिद्धिचरण नगरपालिकाको सेरोफेरो | १.१ आफ्नो वडाको धरातलीय स्वरूप उल्लेख गर्न<br>१.२ आफ्नो वडाको सिमानाको जानकारी लिन,<br>१.३ आफ्नो वडाको घरधुरी सङ्ख्या र जनसङ्ख्या बताउन | १.१ पालिकाको धरातलीय स्वरूप अग्लो, होचो, समथर, भिरालो, लेक, बँसी,<br>१.२ आफ्नो वडाको सिमाना: पूर्व, पश्चिम,उत्तर र दक्षिण<br>.३ आफ्नो वडाको जनसङ्ख्या र घरधुरी सङ्ख्या | • नगरपालिकाको धरातलीय स्वरूप अग्लो, होचो, समथर, भिरालो, लेक, बँसीको अवस्था छलफल अन्तरक्रिया गर्ने<br>• सिद्धिचरण नगरपालिकाको भू-धरातलीय स्वरुप स्पष्ट हुने गरी माटोको नमुना तयार गर्न लगाउने ।<br>• आफ्नो वडाको नक्सा प्रदर्शन गरी पूर्व, पश्चिम, उत्तर, दक्षिणमा कुन स्थान पर्छन् ? छलफल अन्तरक्रिया गर्ने<br>• वडाको जनसङ्ख्या चार्ट प्रदर्शन गर्ने र वडामा रहेका घरधुरी सङ्ख्या, कति कति छन् ? छलफल प्रश्नोत्तर | सिद्धिचरणक्षेत्रको धरातलीय वनावटसिमाना खुल्ने फोटोभिडियो<br>नगरपालिकाको सिमाना खुल्ने नक्सा जनसङ्याको तथ्याङ्क | • तपाईँको वडाको पूर्व,पश्चिम, उत्तर र दक्षिणमा कुन कुन गाउँपालिका वा नगरपालिका पर्छन् ?<br>• सिद्धिचरण नगरपालिकाको धरातलीय स्वरूप कस्तो छ ?<br>• तपाईँको वडाको जम्मा जनसङ्ख्या कति छ ?<br>• कक्षा क्रियाकलापका आधारमा मूल्याङ्कन गर्ने |

| क्षेत्र | सिकाइउपलब्धि | विषयवस्तु<br>विस्तृतीकरण | शिक्षण सिकाइ प्रक्रिया | सन्दर्भ सामग्री | मूल्याङ्कन |
|---|---|---|---|---|---|
| | | | गराउने | | |
| २. हाम्रो संस्कृति, मूल्य र मान्यता<br>(क) चाडपर्व, संस्कृति र संस्कार | २.१आफ्नो नगरपालिका भित्र मनाइने चाडपर्व बताउन<br>२.२ आफ्नो नगरपालिका भित्र चाडबाड महोत्सवमा बजाइने बाजाको नाम उल्लेख गर्न<br>२.३ कुनै एक स्थानीय गीत गाउन साथै नृत्यगर्न,<br>२.४ आफ्नो वडा भित्र गरिने कुनै तीन ओटा संस्कार र संस्कृति बताउन | २.१ आफ्नो नगरपालिकामा मनाइने स्थानीय चाडपर्व जस्तै दशै,तिहार, ल्होसार क्रिशमस,गाईजात्रा,विस्केट, गणेश चौथी, साउने मेला, हरितालिका, बुद्धपूर्णिमा, जनै पूर्णिमा, वाला चर्तुदशी, देवाली<br>गीत जस्तै : नेवारी, सेलो, नेपाली लोकगीत<br>ात्रा : जस्तै गाईजात्रा आदि<br>नृत्य : जस्तै, नेवारी,सेलो, भजन आदि | • आफ्नो नगरपालिका भित्र मनाइने चाडपर्वको छलफल र अन्तरक्रिया गरी सूची तयार गराउने<br>• उल्लेखित नामका चाँडपर्वको के के महत्व छ, विद्यार्थीको जानकारीमा रहेको कुरा बताउन लगाउने<br>• उक्त पर्वहरू मनाएको अभिनाय गराउने<br>• शिक्षकले थप सहजीकरण गर्ने<br>• स्थानीय चाडपर्व महोत्सवमा बजाइने बाजाको छलफल सहित सूची तयार गराउने<br>• स्थानीय बाजा बजाउन अभ्यास गराउने<br>• संस्कारहरूसँग सम्बन्धित चित्र/भिडियो | स्थानीय बाजाका नमुना, चाडपर्व मनाएका, विहेका चित्र, पोष्टर, भिडियो,<br>वडाभित्रका विभिन्न जातजातिका संस्कारका फोटो भिडियो, चित्र | • कुनै एउटा चाडपर्वको महत्व वर्णन गर्नुहोस्<br>• अभिनय गरी गाईजात्रा देउनुहोस्<br>• स्थानीय बाजाको सूची तयार गर्नुहोस्<br>• तपाईंको घरमा गरिने तीन ओटा संस्कारको नाम भन्नुहोस । |

| क्षेत्र | सिकाइउपलब्धि | विषयवस्तु<br>विस्तृतीकरण | शिक्षण सिकाइ प्रक्रिया | सन्दर्भ सामग्री | मूल्याङ्कन |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| | | वाजा जस्तै : मादल,खैजडी, बाँसुरी, धिमे,डम्फू आदि<br>२.२ आफ्नो वडा भित्रको संस्कार र संस्कृति जस्तै : जस्तै : न्वारान, पास्नी, गुन्युचोली, व्रतबन्ध, चौरासी पूजा, मृत्युसस्कार, आमाबुबाको मुख हेर्नेऔंसी, पितृ पूजा, श्राद्ध, क्रियाकर्म नेवार – बेल विवाह,गुफा/सूर्यदर्शन, भीमरथारोहण (चौरासी पूजा) मृत्यु सस्कार आदि | प्रदर्शन गर्ने ।<br>सिद्धिचरणमा वसोबास गर्ने जातजातिका संस्कारका जानकारी दिने<br>विद्यार्थी आफ्नो आफ्नो जातिका न्वारन, विवाह,पितृ कार्य कसरी गरिन्छ बताउन प्रोत्साहन गर्ने<br>• सबै विद्यार्थीले बातए पछि शिक्षकले जातिगत संस्कारमा भएका कुरा प्रष्ट्याइदिने<br>• ब्राह्मण, क्षेत्री, तामाङ र नेवार जातिका संस्कारसँग जानकार व्यक्तिलाई आमन्त्रण गरी न्वारन, विवाह र पितृ कार्यमा गरिने मुख्य मुख्य कुरा बताउन लगाउने<br>विद्यार्थीलाई जातिगत संस्कारका कुरा टिपोट | | |

| क्षेत्र | सिकाइउपलब्धि | विषयवस्तु विस्तृतीकरण | शिक्षण सिकाइ प्रक्रिया | सन्दर्भ सामग्री | मूल्याङ्कन |
|---|---|---|---|---|---|
| | | | गर्न लगाउने | | |

| | | | | | |
|---|---|---|---|---|---|
| (ख)स्थानीय भाषा र भेषभूषा | ख.२.१ आफ्ना वडा भित्रका मानिसहरूले लगाउने पहिरनको विशेषता बताउन<br>२.२ आफ्नो टोल छिमेकमा बोलिने भाषाको नाम बताउन | २.१ आफ्ना वडाका मानिसहरूले लगाउने पहिरनको विशेषता जस्तै : सर्ट पाइन्ट,चोलो फरिया, नेवार– हाकु पटासी, दौरा सुरुवाल, ढाका टोपी आदि<br>तामाङ– आङ्गी, पाङ्गदेन, बख्खु, दोचा,लुङ्गी पगरी, कमिज,कछाड आदि<br>२.२ आफ्नो वडा भित्र बोलिने भाषा : नेपाली, नेवारी, तमाङ आदि | • सिद्धिचरणका सबै जातिजाति महिला पुरुषले लगाउने विशेष पहिरनका नमुना सङ्कलन गरी प्रदर्शनी गराउने र कुन कुन पहिरन कुन कुन जाति विशेष र स्थानमा प्रयोग हुन्छ भनी छलफल गर्ने<br>• सबै पहिरनका नाम सूचीकरण गर्ने लगाउने<br>• महिला र पुरुषले लगाउने पहिरन छुट्याउन लगाउने<br>• पहिरनका विशेषता छलफल गरी प्रष्ट बनाउने आफ्नो टोल छिमेकमा बोल्ने भाषा के के हुन् छलफल गराउने | स्थानीय जातजातिका पहिरनका नमुना | • नेवार जातिका महिला पुरुषले लगाउने विशेष पहिरन के के हुन्?<br>• पहिरनका विशेषता वर्णन गर्नुहोस्। |

| **क्षेत्र** | **सिकाइउपलब्धि** | **विषयवस्तु विस्तृतीकरण** | **शिक्षण सिकाइ प्रक्रिया** | **सन्दर्भ सामग्री** | **मूल्याङ्कन** |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| | | | विद्यार्थीलाई आफ्नो मातृभाषा बोल्न उत्प्रेरित गर्ने र कुन भाषा हो भन्न लगाउने | | |
| ग.१ ऐतिहासिक/ पुरातात्विक सम्पदा, धार्मिक मूल्य र मान्यता | ग.२.१. आफ्नो वडा भित्र मान्ने धर्मको नाम बताउन<br>२.२ आफ्नो वडा भित्र रहेका मठमन्दिर, चैत्य गुम्बाको नाम बताउन र मेला उत्सवमा सहभागिता जनाउन<br>२.३ आफ्नो वडा भित्र रहेका ऐतिहासिक स्थलको पहिचान गरी नाम उल्लेख गर्न<br>२.४ आफ्नो वडा भित्र रहेका ऐतिहासिक | २.१ आफ्नो वडामा मान्ने धर्म र धार्मिक स्थल<br>२.२ आफ्नो वडा भित्र भएका ऐतिहासिक स्थलहरू<br>२.३ आफ्नो वडा भित्र रहेका विशिष्ट प्रतिभा र शहिदकोखोजी<br>मठ मन्दिर, चैत्य गुम्बा, चर्चका<br>महत्वः:सिद्धिचरण गणेश मन्दिर, ककनी आदि | • आफ्नो वडा भित्रका मानिसले मान्ने धर्म र धार्मिक स्थलका फोटो,पोष्टर, भिडियो प्रदर्शन गर्ने र यहाँ कुन कुन धर्म मान्दैछन् ? यी कुनकुन धार्मिक स्थल हुन्? प्रश्नोत्तर र छलफल गर्ने ।<br>• आफ्नो वडा भित्र भएका ऐतिहासिक मन्दिर दरबारका फोटो, भिडियो प्रदर्शन गर्ने र यी मन्दिर दरबार कहाँ छन्, महत्वके छ छलफल प्रश्नोत्तर गर्ने । अन्तमा शिक्षकले निष्कर्ष दिने<br>• आफ्नो वडा भित्र भएका प्रतिभावान व्यक्तिको तस्वीर प्रदर्शन गर्ने र | स्थानीय स्तरका धार्मिक कार्य, मठमन्दिर, चैत्य गुम्बा, चर्चका फोटा, पोस्टर र भिडियो, आफ्नो वडामा भएका प्रतिभावान व्यक्ति र शहिदको फोटो | • आफ्नो वडा भित्र रहेका दुईजना व्यक्तित्वको परिचय सहित असल कार्यहरू वर्णन गर्नुहोस्<br>• तपाईंको वडामा रहेका ऐतिहासिक मन्दिर भवन हरूको सूची तयार गर्नुहोस् र त्यसको महत्व लेख्नुहोस् । |
| **क्षेत्र** | **सिकाइउपलब्धि** | **विषयवस्तु विस्तृतीकरण** | **शिक्षण सिकाइ प्रक्रिया** | **सन्दर्भ सामग्री** | **मूल्याङ्कन** |

| | | | | | |
|---|---|---|---|---|---|
| | व्यक्तित्व एवम् प्रतिभावान व्यक्तिको खोजी गर्न र नाम उल्लेख गर्न<br>२.५ आफ्नो वडाभित्र रहेका सहिदको नाम उल्लेख गर्न | | उनको प्रतिभाको चर्चा गर्ने ।<br>• आफ्नो वडा भित्र भएका सहिदको फोटो प्रदर्शन गर्ने र सहिदको चर्चा गर्ने | | |
| ६. हाम्रो पर्यटन | ६.१ आफ्नो वडा तथा नगरपालिका भित्र प्रचलित पर्यटकीय स्थलहरूको महत्व बताउन | ६.१ आफ्नो वडा तथा नगरपालिका भित्र प्रचलित पर्यटकीय स्थलहरूको महत्व जस्तै : पतालेडाँडा आदि | छलफलको माध्यमबाटआफ्नो वडाभित्र रहेका पर्यटकीय स्थलहरूको महत्व प्रस्ट बनाउने<br>• विद्यार्थीलाई आन्तरिक पर्यटक बनाएर नजिकैको पर्यावरणीय वासांस्कृतिक पर्यटकीय स्थलको अवलोकन भ्रमण गराउने र अवलोकन अध्ययनको आधारमा पर्यावरणीय र साँस्कृतिक पर्यटनको महत्व प्रष्ट पार्ने | सिद्धिचरणका पर्यटकीय स्थलहरूका फोटा र भिडियो | • तपाइँको वडामा रहेका पर्यटकीय स्थलको महत्व लेख्नुहोस् ?<br>• तपाइँको वडा भित्र रहेका पर्यावरणीय र साँस्कृतिक पर्यटन स्थलको छुट्टा छुट्टै सूची बनाउनुहोस् । |

| **क्षेत्र** | **सिकाइउपलब्धि** | **विषयवस्तु विस्तृतीकरण** | **शिक्षण सिकाइ प्रक्रिया** | **सन्दर्भ सामग्री** | **मूल्याङ्कन** |
|---|---|---|---|---|---|
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | • आफ्नो वडाभित्र पर्यावरणीय र सांस्कृतिक पर्यटक स्थलहरू कहाँ कहाँ छन् छलफल गराउने र सूची निर्माण गरी परिचय गराउने<br>• सिद्धिचरण नगरपालिका भरिका पर्यटकीय स्थलको सूची तयार गर्न लगाई पर्यावरणीय र साँस्कृतिक पर्यटन स्थल छुट्याउन शिक्षकले सहजीकरण गर्ने | | |

**५.५: कक्षा ५ को विषय विस्तृतीकरण**



| विषय क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तु विस्तृतीकरण | शिक्षण सिकाइ प्रक्रिया | सन्दर्भ सामग्री | मूल्याङ्कन |
|---|---|---|---|---|---|
| १ सिद्धिचरण नगरपालिकाको सेरोफेरो | १.१ सिद्धिचरण नगरपालिकाको धरातलीय स्वरूप अनुसारको हावापानी उल्लेख गर्न<br>१.२ सिद्धिचरण नगरपालिकाका सिमाना छुट्याउन<br>१.३ सिद्धिचरण | १.१ पालिकाको धरातलीय स्वरूपअनुसारको हावापानी जस्तै : चिसो, न्यानो, गर्मी<br><br>२ . पालिकाको सिमाना : पूर्व, पश्चिम, उत्तर, दक्षिण | • सिद्धिचरण नगरपालिकाको नक्सा, सबै क्षेत्र समेटिएको भिडियो प्रर्दशन गर्ने र लेख क्षेत्र र बेंसी क्षेत्र पहिचान गराउने<br>• विद्यार्थीलाई लेकको र बेँसीको भ्रमण गराइ हावापनी महसुस गराउने, लेख र बेँसीको अधिकतम र न्यूनतम तापक्रम जानकारी गराउने, हावापानी अनुसार वनस्पति खेतीबाली, बाक्ला पातला पहिरन, भिरालो र समथर भू–वनावट, टाढासम्मको भूगोल देखिने र नजिकका मात्र भूगोल देखिने जस्ता लेक र बेँसीमा पाइने फरक | सिद्धिचरण क्षेत्रको धरातलीय वनावट सिमाना खुल्ने फोटो भिडियो, नगरपालिकाको सिमाना खुल्ने नक्सा, जनसङ्याको तथ्याङ्क | • सिद्धिचरण न.पा.को हावापानीका हिसावले लेक र बेँसीमा पाइने फरक कुराहरू के के छन्?<br>• सिद्धिचरणको लेक र बेँसीको हावापानी अधिकतम र न्यूनतम कति कति छ ? |

| | | | | | |
|---|---|---|---|---|---|
| | नगरपालिकाको जनसङ्ख्या उल्लेख गर्न | १.३ नगरपालिकाको<br><br>जनसङ्ख्या | कुराको जानकारी गराउने । भ्रमणका आधारमा लेक र बँसीमा पाइने फरक कुराहरूलाई समेटी प्रतिवेदन तयार गर्न लगाउने<br>• आफ्नो नगरपालिकाको नक्सा प्रदर्शन गरी पूर्व, पश्चिम, उत्तर, दक्षिणमा कुन स्थान पर्छन् छलफल अन्तरक्रिया गर्ने<br>• सिद्धिचरण नगरपालिकाको पछिल्लो जनगणना अनुसार जम्मा घरधुरी सङ्ख्या, जम्मा जनसंङख्या, जनसङ्ख्या तालिका प्रस्तुत गर्ने र छलफल गराइ जनसङ्ख्या विश्लेषण गर्ने | | • सिद्धिचरणको घरधुरी सङ्ख्या जम्मा जनसंङ्ख्या, महिला पुरुषको जनसङ्ख्या,तालिका मा देखाउनुहोस्। |

| **विषय क्षेत्र** | **सिकाइ उपलब्धि** | **विषयवस्तु विस्तृतीकरण** | **शिक्षण सिकाइ प्रक्रिया** | **सन्दर्भ सामग्री** | **मूल्याङ्कन** |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| २. हाम्रो संस्कृति, मूल्य र मान्यता (क) चाडपर्व, संस्कृतिर संस्कार | २.१ आफ्नो नगरपालिका भित्र मनाइने चाडपर्व बताउन<br>२.२ आफ्नो नगरपालिका भित्र चाडबाड महोत्सवमा बजाइने बाजाको नाम उल्लेख गर्न<br>२.३ कुनै एक स्थानीयगीत गाउन साथै नृत्यगर्न,<br>२.४ आफ्नो नगरपालिका भित्र गरिने कुनै तीनओटासंस्कार र संस्कृति बताउन | २.१ आफ्नो नगरपालिकामा मनाइने स्थानीय चाडपर्व, जस्तैदशै, तिहार, ल्होसार क्रिशमस, गाईजात्रा, गणेश चौथी, साउने मेला, हरितालिका, बुद्ध पूर्णिमा, जनै पूर्णिमा, वाला चर्तुदशी, देवाली -कूलपूजा) गीत,जात्रा, नृत्य, बाजा तथा महोत्सव<br>जस्तै : नेवारी, सेलो, नेपाली लोकगीत<br><br>जात्रा :<br>विस्केटजात्रा, गाईजात्रा<br>नृत्य : नेवारी, सेलो, भजन<br>वाजा जस्तै : मादल, खैजडी, बाँसुरी, धिमे, डम्फू आदि | • आफ्नो नगरपालिका भित्र मनाइने चाडपर्वको छलफल र अन्तरक्रिया गरीसूची तयार गराउने<br>• उल्लेखित नामका चाँडपर्वको के महत्व छ ? विद्यार्थीको जानकारीमा रहेको कुरा बताउन लगाउने<br>• उक्त पर्वहरू मनाएको अभिनय गराउने<br>• शिक्षकले थप सहजीकरण गर्ने<br>• स्थानीय चाडपर्व महोत्सवमा बजाइने बाजाको छलफलसहित सूची तयार गराउने<br>• स्थानीय बाजा बजाउन अभ्यास गराउने<br>• धिमे नाच र भजन किर्तन आयोजना गर्नेर विद्यार्थीलाई अभ्यास गराउने<br>• संस्कारहरूसँग सम्बन्धित चित्र/भिडियो प्रदर्शन गर्ने ।<br>• सिद्धिचरण न.पा.मा वसोबास गर्ने जातजातिका संस्कारको वारे जानकारी दिने<br>• विद्यार्थी आफ्नो आफ्नो जातिका न्वारन, विवाह, मृतृ कार्य कसरी गरिन्छ ? बताउन प्रोत्साहन गर्ने<br>• सबै विद्यार्थीले बातएपछि शिक्षकले जातिगत संस्कारमा भएका कुरा प्रष्ट्याई दिने | स्थानीय बाजाका नमुना, चाडपर्व मनाएका , विहेका चित्र, पोष्टर, भिडियो | • सिद्धिचरण न.पा.मा प्रचलित बाजाको सूची तयार गर्नुहोस् र सामान्य परिचय दिनुहोस्।<br>• सिद्धिचरणका सबै जातजातिले मान्ने धर्मको महत्व वर्णन गर्नुहोस्<br>• चारओटा भजन गाएर सुनाउनुहोस्<br>• तपाईंको नगरपालिका भित्र बसोबास गर्ने मानिसले गर्दै आएका संस्कारहरुको सूची बनाउनुहोस् |

| विषय क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तु विस्तृतीकरण | शिक्षण सिकाइ प्रक्रिया | सन्दर्भ सामग्री | मूल्याङ्कन |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| | | २.२ आफ्नो नगरपालिका भित्रको संस्कृति र संस्कार जस्तै : न्वारान, पास्नी,गुन्युचोली, व्रतबन्ध, चौरासी पूजा, मृत्युसस्कार, आमाबुबाको मुखहेर्ने औंसी, पितृ पुजा, श्राद्ध, क्रियाकर्म नेवार – बेल विवाह,गुफा/सूर्यदर्शन, भीमरथारोहण (चौरासी पूजा)मृत्यु संस्कार आदि | • ब्राह्मण क्षेत्री, तामाङ र नेवार जातिका संस्कारसँग जानकार व्यक्तिलाई आमन्त्रण गरी न्वारन, विवाह र पितृ कार्यमा गरिने मुख्य मुख्य कुरा बताउन लगाउने<br>• विद्यार्थीलाई जातिगत संस्कारका कुरा टिपोट गर्न लगाउने | | |
| ख.स्थानीय भाषा र भेषभूषा | ख.२.१ आफ्नो नगरपालिका भित्रका मानिसहरूले लगाउने पहिरनको विशेषता बताउन<br>२.२ आफ्नो नगरपालिका भित्र बोलिने भाषाको नाम बताउन | २.१ आफ्ना नगरपालिका भित्रका मानिसहरूले लगाउने पहिरनको विशेषता जस्तै : सर्ट पाइन्ट, चोलो फरिया, नेवार– हाकु पटासी, दौरा सुरुवाल, ढाका टोपी आदि<br><br>२.२ आफ्नो नगरपालिका भित्र बोलिने | • सिद्धिचरण न.पा.का सबै जातजाति, महिला, पुरुषले लगाउने विशेष पहिरनका नमुना सङ्कलन गरी प्रदर्शनी गराउने र कुनकुन पहिरन कुन कुन जाति विशेष र स्थानमा कुन कुन समयमा लगाउँछन् ? छलफल गर्ने<br>• सबै पहिरनका नाम सूचीकरण गर्न लगाउने<br>• बढ्दो आधुनिक फेसनका कारण हाम्रा साँस्कृतिक पहिरन लोप हुन लागेको | स्थानीय जातजातिका पहिरनका नमुना | • हाम्रा साँस्कृतिक पहिरनको महत्व वर्णन गर्नुहोस्।<br>• हाम्रा साँस्कृतिक पहिरन संरक्षण गर्ने उपाय पाँच बुदामा लेख्नुहोस ।<br>• तपाइँको नगरपलिका भित्र बोलिने भाषाको सूची |

| **विषय क्षेत्र** | **सिकाइ उपलब्धि** | **विषयवस्तु विस्तृतीकरण** | **शिक्षण सिकाइ प्रक्रिया** | **सन्दर्भ सामग्री** | **मूल्याङ्कन** |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| | | भाषा जस्तैः नेपाली, नेपाल भाषा, तामाङ भाषा आदि | प्रसङ्गमा छलफल गर्ने<br>• हाम्रा साँस्कृतिक पहिरन कसरी संरक्षण गर्न सकिएला ? विद्यार्थीमा प्रश्न छाड्नेर छलफल अन्तरक्रिया गर्ने<br>• साँस्कृतिक पहिरन संरक्षण गर्ने तरिका प्रत्येक विद्यार्थीलाई एक एक बुँदामा भन्न लगाउने र शिक्षकले पाटीमा टिप्दै जाने छुट केही भए शिक्षकले नै थप बुँदा लेखिदिने<br>• आफ्नो आफ्नो नगरपालिका भित्र बोल्ने भाषा के के हुन् छलफल गराउने विद्यार्थीलाई आफ्नो मातृभाषा बोल्न उत्प्रेरित गर्ने र कुन भाषा हो भन्न लगाउने | | बनाउनुहोस् |
| ग.१ ऐतिहासिक/ पुरातात्विक सम्पदा, धार्मिक मूल्य र मान्यता | ग.२.१. आफ्नो नगरपालिका भित्रमान्ने धर्मको नाम बताउन<br>२.२ आफ्नो नगरपालिका भित्र रहेका मठमन्दिर, चैत्य गुम्बाको नाम बताउन र मेला उत्सवमा | २.१ आफ्नो नगरपालिकामा मान्ने धर्म र धार्मिक स्थल<br>२.२ आफ्नो नगरपालिकाभित्र भएका ऐतिहासिक स्थलहरू<br>२.३आफ्नो नगरपालिका भित्र रहेका विशिष्ट प्रतिभा र | • सिद्धिचरण नगरपालिकाभित्र रहेका मठ, मन्दिर, चैत्य, गुम्बा चर्चका फोटा भिडियो दृष्य प्रदर्शन गर्ने र कुन कुन मन्दिर, गुम्बा, चैत्यको सरसफाइ, जिर्णोद्वार गर्नुपर्ने, रङरोकन गर्नुपर्ने जस्ता अवस्था कस्तो छ, छलफल अन्तरक्रिया गर्ने<br>• विद्यालयबाट नजिकको धार्मिक एवम् ऐतिहासिक पुरातात्विक स्थल अवलोकन गराउने र ती क्षेत्रका संरक्षणका लागि के | स्थानीय स्तरका धार्मिक कार्य, मठमन्दिर, चैत्य गुम्बा, चर्चका फोटो, पोस्टर र भिडियो | • तपाईंको घर नजिक रहेको एउटा मन्दिरको अवलोकन गर्नुहोस् र त्यहाँको यथार्थ अवस्था र संरक्षण गर्न सक्ने उपाय सहित प्रतिवेदन तयार गर्नुहोस्।<br>• धार्मिक एवम् |

| विषय | सिकाइ उपलब्धि | विषयवस्तु विस्तृतीकरण | शिक्षण सिकाइ प्रक्रिया | सन्दर्भ | मूल्याङ्कन |
|---|---|---|---|---|---|

| क्षेत्र | | | | सामग्री | |
|---|---|---|---|---|---|
| | सहभागिता जनाउन<br>२.३ आफ्नो नगरपालिका भित्र रहेका ऐतिहासिक स्थलको पहिचान गरी महत्व उल्लेख गर्न<br>२.४ आफ्नो नगरपालिका भित्र रहेका ऐतिहासिक व्यक्तित्व एवम् प्रतिभावान व्यक्तिको खोजी गर्न र नाम उल्लेख गर्न<br>२.५ आफ्नो नगरपालिका भित्र रहेका शहिदको नाम उल्लेख गर्न (यदि भएमा) | शहिदको खोजी<br>मठ मन्दिर, चैत्य गुम्बा,चर्चका महत्वः :सिद्धिचरण गणेश मन्दिर, आदि | के गर्न सकिन्छ छलफल गरी बुँदा टिपोट गराउने<br>• विद्यार्थीले गर्न सक्ने सरक्षणका कार्य जस्तै धार्मिक स्थल एवम् ऐतिहासिक क्षेत्रको सरसरफाइ अभियान बनाएर सहभागी गराउने, ती स्थलमा लाग्ने मेलामा सहभागी गराउने, प्रचार प्रसारका कार्यमा सहभागी गराउने<br>आफ्नो नगरपलिका भित्र भएका शहिद र प्रतिभावान व्यक्तिका फोटो प्रदर्शन गर्ने, छलफल अन्तरक्रिया गर्ने | | ऐतिहासिक स्थल संरक्षण गर्न वडा कार्यालयलाई पाँचओटा सुझाव दिनुहोस् |
| ३. हाम्रो पर्यटन | ३.१ आफ्नो वडा तथा नगरपालिका भित्र प्रचलित पर्यटकीय स्थलहरूको संरक्षण र सम्बर्धन गर्ने कार्यमा सहभागी हुन | ३.१ आफ्नो वडा तथा नगरपालिका भित्र प्रचलित पर्यटकीय स्थलहरूको संरक्षण | • नजिकको पर्यावरणीय र सांस्कृतिक पर्यटनस्थल अवलोकन अध्ययन गराउने र पर्यटन विकासमा उक्त स्थल र पर्यटन व्यवसायको महत्व छलफल गराउने,<br>•कुन कुन हिसावले सिद्धिचरण नगरपालिकामा पर्यटन व्यवसायको महत्व | सिद्धिचरण का पर्यटकीय स्थलहरूको फोटा र भिडियो | • स्थानीय पर्यटन विकासमा पर्यटन स्थलको महत्व वर्णन गर्नुहोस् ।<br>• सिद्धिचरण नगरपालिकामा |

| विषय क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तु विस्तृतीकरण | शिक्षण सिकाइ प्रक्रिया | सन्दर्भ सामग्री | मूल्याङ्कन |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| | | | छ छलफल प्रश्नोत्तर गराउने,<br>• सिद्धिचरण नगरपालिकामा पर्यटन प्रवर्धन गर्न एवम् पर्यटकलाई आकर्षण गर्न हाम्रो भूमिका के के हुन सक्छ ? समूहगत छलफल गरी निष्कर्ष निकाल्ने पर्यटन व्यावसायीलाई आमन्त्रण गरी पर्यटन व्यवसाय र पर्यटन प्रवर्धनमा स्थानीयको भूमिका विषयमा अन्तरक्रिया गराउने<br>अतिथि सत्कार गर्ने तरिका अभिनयात्मक अभ्यास गराउने । | | पर्यटन प्रवर्धन गर्न स्थानीयको भूमिका के हुन सक्छ ? उल्लेख गर्नुहोस् ।<br>• अतिथि सत्कार कसरी गर्न सकिन्छ ? अतिथि सत्कारका स्थानीय तरिका उल्लेख गर्नुहोस् । |

## ६. सिकाइ सहजीकरण प्रक्रिया र विधि

स्थानीय विषय अध्यापन गराउने क्रममा कुन उद्देश्य पुरा गर्नका लागि कस्तो शिक्षण विधि वा शिक्षण सिकाइ क्रियाकलाप अपनाउँदा उपयुक्त हुन्छ, त्यसका केही नमुना समेत समावेश गरिनुपर्दछ । कस्तो विधि अपनाउने भन्ने कुरा उद्देश्य, विषयवस्तुको प्रकृति, विद्यार्थी सङ्ख्या, कक्षाकोठाको वातावरण र व्यवस्थाका साथै शैक्षिक सामग्रीको उपलब्धता आदिमा निर्भर गर्दछ । विद्यार्थीले सिकेन भने एकतर्फी शिक्षणको मात्र कुनै औचित्य हुँदैन । शिक्षण सिकाइ क्रियाकलापमा प्रयोग गर्नुपर्ने शिक्षण विधिमा व्याख्यान, प्रश्नोत्तर, छलफल, अवलोकन, अभिनय, प्रदर्शन, सोधखोज, परियोजना कार्य, क्षेत्र भ्रमण आदि उल्लेख गरिएको भए तापनि व्याख्यान विधि बढी प्रयोगमा ल्याइने गरेको देखिन्छ । तर यो विधि सिकाइका लागि प्रभावकारी मानिन्न । यो विधि शिक्षक केन्द्रित विधि भएकाले यसलाई सकेसम्म प्रयोगमा कम गर्नुपर्ने र तल्ला कक्षामा त प्रयोग नै नगर्ने धारणा आधुनिक शिक्षाविद्को पाइन्छ । त्यसैले विद्यार्थी केन्द्रित शिक्षण विधिमा जोड दिनुपर्ने विचार उनीहरूको रहेको छ । प्रत्येक विद्यार्थीले सिक्न सक्ने गरी शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्दछ । प्रत्येक विद्यार्थीमा केही न केही प्रतिभा लुकेको हुन्छ । उक्त प्रतिभालाई बाहिर ल्याउने वातावरण तयार गरिदिनुपर्दछ । विद्यार्थीको दिमाग खाली वा शून्य हुन्छ, त्यसमा ज्ञान भरिदिनुपर्दछ भन्ने मान्यताबाट जानुहुँदैन भन्ने मान्यताको विकास भएको पाइन्छ । त्यसैले विद्यार्थीलाई गरेर सिक (Learning by doing) भन्ने सिद्धान्तमा आधारित भएर सकेसम्म क्रियाकलापमा उनीहरूलाई नै संलग्न गराएर सिक्ने वातावरण बनाउने कार्य शिक्षकले गर्नुपर्दछ किनकि सुनेको कुरा बिर्सिन्छ, देखेको कुरा सम्भिन्छ, गरेको कुरा सिकिन्छ भन्ने भनाइ रहेको छ । कक्षाकोठामा शारीरिक तथा मानसिक रूपमा अपाङ्ग र विभिन्न भाषिक समुदाय, समाजमा पछाडि परेका दलित, जनजाति आदि समुदायबाट आएका विद्यार्थीलाई अनुकूल हुने गरी समावेशी शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्नु आवश्यक छ ।

स्थानीय विषयको शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्दा बढी मात्रामा प्रत्यक्ष रूपमा अवलोकन गराउने, काम नै गर्न लगाएर सिकाउने, विषयसँग सम्बन्धित स्थानीय व्यक्तिसँग भेट गराउने, उनीहरूको कार्यालयमा लगेर सँगै काम सिकाउने, विषयसँग सम्बन्धित व्यक्तिलाई विद्यालयमा स्रोत व्यक्तिका रूपमा बोलाएर सिकाउन लगाउने गर्न सकियो भने शिक्षणसिकाइ क्रियाकलाप प्रभावकारी हुने छ । विद्यालयमा लामो समय बिदा भएको अवस्थामा समेत समुदायमा गएर सिक्ने वातावरण बनाइदिनुपर्छ । स्थानीय पाठ्यक्रमका विषयवस्तुलाई एकआपसमा र अन्य विषयसँग अन्तरसम्बन्धित र एकीकृत हुने गरी सिकाइ सहजीकरण क्रियाकलाप सञ्चालन गर्न सकेमा सिकाइ अर्थपूर्ण, रुचिकर हुन सहयोग पुग्ने भएकाले शिक्षकले सिकाइ क्रियाकलाप छनोट गर्दा विभिन्न विषयवस्तु र विषयक्षेत्रबिचको अन्तरसम्बन्ध तथा एककीकरणलाई अधिकतम बनाउनु आवश्यक छ । विद्यार्थीको सिकाइस्तर र मानसिक तथा शारीरिक अवस्था विषयवस्तुको प्रकृति हेरी प्रयोगात्मक कार्य, सोधखोज, अध्ययन भ्रमण र प्रतिवेदन प्रस्तुतीकरण, भूमिका अभिनय, समूह छलफल आदि विद्यार्थी केन्द्रित शिक्षणसिकाइ क्रियाकलापमा प्राथमिकता दिनुपर्दछ । आजभोलि विद्यार्थी मूल्याङ्कनलाई पनि शिक्षण सिकाइ क्रियाकलापसँगै अभिन्न अङ्गको रूपमा लिने गरिएको छ । त्यसैले क्रियाकलापसँगै कुन विद्यार्थीले कसरी सिकिरहेको छ, सिक्यो वा सिकेन भन्ने कुराको पनि सँगै मूल्याङ्कन गर्दै जाने र नसिकेकालाई सुधारात्मक शिक्षण गर्दै जानुपर्दछ । स्थानीय विषयको शिक्षण सिकाइ क्रियाकलाप तर्फ कक्षाकोठामा मात्र सीमित गर्न हुँदैन ।

यस पाठ्यक्रम अनुसारका पाठ्यसामाग्री तयारी नभई उपलब्धताको अभावमा पनि पाठ्यक्रमलाई कार्यान्वयन गरी विद्यालयमा विद्याथीहरूबीच प्रभावकारी शिक्षण गर्नका लागिसन्दर्भ सामग्री, वेवमा आधारित सामग्री र स्थानीय विज्ञसँगको अन्तरक्रिया लगायतको अधिकतम प्रयोग गर्नु पर्नेछ । सिकाइ सहजीकरण गर्न देहायका विधिहरु अपनाउन सकिनेछ :

- आधारभूत शिक्षण विधिः छलफल विधि, प्रश्नोत्तर विधि अवलोकन विधि, क्षेत्र भ्रमण विधि, प्रदर्शन विधि, खेल विधि, खोज विधि, समस्या समाधान विधि, अभ्यास विधि, जिक्सअ बिधि
- अनुसन्धानमा आधारित शिक्षण विधि, कार्यमुलक अनुसन्धान, मामिला अध्ययन, परियोजना कार्य, स्थलगत अध्ययन

- बैकल्पिक शिक्षण विधि, श्रव्यदृश्य विधि, रैथाने विधि, संगीत शिक्षण विधि, कथाकथन विधि, सूचना तथा सञ्चार प्रविधिमा आधारित विधि, Think Pair and Share

## ७. विद्यार्थी मूल्याङ्कन

विद्यार्थीको सिकाइका बारेमा लेखाजोखा गर्ने कार्य नै विद्यार्थी मूल्याङ्कन हो । मूल्याङ्कनले पाठ्यक्रमले तोकेअनुसार निर्धारण गरेको उद्देश्य पुरा भयो भएन भन्ने जानकारी प्रदान गर्छ । विद्यार्थीको मूल्याङ्कनका बारेमा छोटो परिचय तल दिइएको छ :

(क) निर्माणात्मक मूल्याङ्कन :शिक्षण सिकाइ क्रियाकलाप अभिन्न अङ्गको रूपमा लिई विद्यार्थीको सिकाइको लेखाजोखा गरिने प्रक्रिया नै निर्माणात्मक मूल्याङ्कन भनिन्छ । यसलाई सुधारात्मक मूल्याङ्कन/निरन्तर मूल्याङ्कन आदि पनि भन्ने गरिन्छ । विद्यार्थीले के कति सिकिसकेका छन्, अब के सिकाउने, सिकाउन चाहेको कुरो सिके कि सिकेनन्, नसिकेका भए अब कुन तरिकाले सिकाउने भन्ने बारेमा जानकारी लिइने निर्माणात्मक मूल्याङ्कन हो । यसको माध्यमबाट विद्यार्थीको कमजोरी पत्ता लगाई थप सुधारात्मक शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्दछ । यस्तो मूल्याङ्कन प्रकियाको माध्यमबाट प्रत्येक विद्यार्थीको सिकाइ स्तर तथा रुचि पत्ता लगाउन सजिलो हुने हुँदा सिकाइमा सुधार गर्न सहयोग पुग्छ । निर्माणात्मक मूल्याङ्कनमा पनि विभिन्न मूल्याङ्कनको साधन प्रयोग गर्न सकिने भए तापनि अवलोकनलाई सबैभन्दा प्रभावकारी साधनको रूपमा लिने गरिन्छ । यस्तो मूल्याङ्कन प्रक्रिया सबै तह र कक्षाका विद्यार्थीका लागि उपयोगी हुने भए तापनि प्रारम्भिक कक्षाका विद्यार्थीका लागि निर्माणात्मक मूल्याङ्कन अझ बढी प्रभावकारी हुन्छ । विशेष गरेर आधारभूत तहका विद्यार्थीको निरन्तर मूल्याङ्कन गरेर त्यसको अभिलेख समेत राखी त्यसैको आधारमा कक्षोन्नति गर्नु राम्रो मानिन्छ । यसबाट विद्यार्थीको सिकाइमा सुधार हुनुको साथै साना बालबालिकालाई औपचारिक परीक्षा र त्यसबाट हुने तनावबाट मुक्त गर्न सकिन्छ । त्यसैले कक्षाकार्य, गृहकार्य, परियोजना कार्य, दैनिक व्यवहार अध्ययन लगायतका कार्यबाट निरन्तर रूपमा विद्यार्थी मूल्याङ्कन गर्नुपर्छ ।

(ख) निर्णयात्मक मूल्याङ्कन :आवधिक रूपमा लिखित तथा मौखिक परीक्षा लिएर त्यसको आधारमा कक्षा चढाउने वा नचढाउने र विद्यार्थीको स्थान निर्धारण गर्ने उद्देश्यले गरिने मूल्याङ्कनलाई निर्णयात्मक मूल्याङ्कन भनिन्छ । यस्तो मूल्याङ्कन प्रक्रियाबाट विद्यार्थीको सिकाइमा सुधार गर्ने अवसर कम हुन्छ । हाम्रो देशमा सबैभन्दा बढी निर्णयात्मक मूल्याङ्कन प्रक्रिया अपनाउने प्रचलन रहेको छ । यस्तो मूल्याङ्कन माथिल्लो तह र कक्षालाई उपयुक्त मानिए तापनि साना उमेर र तल्ला तह तथा कक्षाका विद्यार्थीका लागि यस्तो मूल्याङ्कन प्रत्युत्पादक हुन सक्छ । यस्तो मूल्याङ्कन प्रक्रियामा प्रायजसो परीक्षालाई मुख्य आधार बनाएर निर्णय लिइने हुँदा उपयुक्त प्रश्न बनाउन नसकेको अवस्थामा, परीक्षा सञ्चालनको वातावरण उपयुक्त नभएमा, परीक्षाको समयमा विद्यार्थीको शारीरिक तथा मानसिक अवस्था ठिक नभएमा त्यसबाट सही नतिजा ननिस्कन सक्छ । सही नतिजा आएन भने विद्यार्थीको मनोविज्ञानमा नकारात्मक असर पर्न सक्छ । त्यसबाट विद्यार्थीले पढाइमा ध्यान नदिने, विद्यालय नै छाड्ने, कुलतमा लाग्ने जस्ता अप्रिय घटना पनि घट्न सक्ने सम्भावना रहन्छ । त्यसैले विशेष गरेर साना कक्षामा यस्तो मूल्याङ्कन प्रक्रिया अपनाउन हुँदैन भन्ने धारणाको विकास भएको पाइन्छ । नेपालमा पनि विगत केही समय अघि देखि आधारभूत तहका तल्ला कक्षामा निर्णयात्मक मूल्याङ्कन प्रणाली हटाई निरन्तर विद्यार्थी मूल्याङ्कन गर्ने र त्यसैको आधारमा कक्षोन्नति गर्ने प्रचलन सुरु भएको छ । स्थानीय पाठ्यक्रममा पनि पाठ्यक्रम बनाउने समयमा नै कस्तो प्रकारको मूल्याङ्कन प्रक्रिया अवलम्बन गर्ने हो, त्यसको खाका पाठ्यक्रममा नै उल्लेख गरिदिनुपर्दछ । निर्माणात्मक मूल्याङ्कन प्रणाली मात्र अवलम्बन गर्ने हो, कि निर्माणात्मक र निर्णयात्मक दुवै मूल्याङ्कन प्रणालीलाई मिश्रित रूपमा अवलम्बन गर्ने हो त्यस सम्बन्धमा पाठ्यक्रमले निर्दिष्ट गर्नुपर्दछ । कस्तो मूल्याङ्कन प्रकिया अपनाउने भन्ने कुरा विद्यार्थीको उमेर र विषयवस्तुको प्रकृतिमा निर्भर गर्दछ । जुनसुकै प्रकारको मूल्याङ्कन प्रकिया अपनाए पनि मूल्याङ्कनको साधन विकास गर्ने क्रममा उद्देश्यलाई ध्यान दिनुपर्दछ । उद्देश्यले निर्धारण गरेअनुसारको मापन हुने गरी मूल्याङ्कनको साधन प्रयोग गर्नुपर्दछ । जस्तैः उद्देश्य प्रयोग तहको तर मूल्याङ्कन साधन भने ज्ञान तहको मात्र बनाइयो भने सही रूपमा लेखाजोखा गर्न सकिँदैन । स्थानीय पाठ्यक्रममा विषयवस्तु प्राय: गरेर स्थानीय स्तरकै हुने हुँदा सैद्धान्तिक भन्दा प्रयोगात्मक पक्षलाई बढी जोड दिनुपर्दछ । तल्ला कक्षामा निर्माणात्मक मूल्याङ्कन प्रणाली र माथिल्ला कक्षालाई मिश्रित प्रणाली उपयुक्त हुन सक्छ ।

यस स्थानीय पाठ्यक्रमको विद्यार्थी मूल्याङ्कन देहायका विधि र प्रक्रियाका आधारमा गरिने छ ।

- आधारभूत तहमा निर्माणात्मक र सुधारात्मक मूल्याङ्कन पद्धतिका आधारमा विद्यार्थीको सिकाइलाई मापन गर्ने प्रावधान नेपाल सरकार, पाठ्यक्रम विकास केन्द्रले निर्धारण गरे अनुसार यस पाठ्यक्रमको कार्यान्वयन र विद्यार्थी मूल्याङ्कनमा निर्माणात्मक मूल्याङ्कन पद्धतिलाई अवलम्बन गरिने छ ।
- विद्यार्थीहरूको मूल्याङ्कन गर्दा निर्माणात्मक (formative) पद्धति तथा निर्णयात्मक (Summative) पद्धति, सैद्धान्तिक र प्रयोगात्मक ( Theoritical and Practical दुबै अपनाउनु पर्नेछ ।
- स्थानीय विषयको पठनपाठनद्वारा विद्यार्थीहरूले आफै गरेर सिक्ने वा अवलोकन गरेर सिक्ने भएकोले नियमित रुपमा विद्यार्थीहरुले गरेर सिक्ने वा अवलोकन गरेर सिक्न तथा पृष्ठपोषण प्रदान गरी प्राप्त प्रतिवेदनको आधारमा मूल्याङ्कन गर्ने प्रकृयालाई प्रोत्साहन गरिन छ ।
- प्रत्येक विद्यार्थीको कार्य सञ्चयिका (Portfolio) फाईल रहनेछ र त्यसभित्र विद्या विद्यार्थीको कक्षा कार्य, परियोजना कार्य, उपलब्धि परीक्षा, व्यवहारिक परिवर्तन, अवलोकन, हाजिरी, सामूहिक कार्यमा सक्रियताका अभिलेख राखि सोहि आधारमा मूल्याङ्कन गरिने छ ।
- कक्षा १-३ मा एकीकृत पाठ्यक्रमको आधारमा निरन्तर मूल्याङ्कन पद्धतिका आधारमा कक्षोन्नति गरिने छ । कक्षा १-३ को मूल्याङ्कन पश्चात विद्यार्थीहरूको तह वा श्रेणी विभाजन गर्दा निरन्तर विद्यार्थी मूल्याङ्कन सम्बन्धी अभिलेखिकरणको प्रक्रिया अपनाई गर्नुपर्दछ ।
- कक्षा ४-५ मा ५० प्रतिशत निरन्तर मूल्याङ्कन पद्धति (निर्माणात्मक पद्धति) र ५० प्रतिशत निर्णयात्मक (बार्षिक परीक्षा) बाट विद्यार्थीको मूल्याङ्कन गरिने छ । बिद्यार्थीलाई कक्षोन्नति निर्माणात्मक र निर्णयात्मक दुबै पद्धतिका आधारमा गरिने छ ।
- निर्माणात्मक मूल्याङ्कनमा औसत उपलब्धि हासिल गरेका तर निर्णयात्मक मूल्याङ्कनमा अनुत्तीर्ण भएका विद्यार्थीहरूका हकमा सम्बन्धित अभिभावक, कक्षा वा विषय शिक्षक र प्रधानाध्यापकको निर्णयबाट कक्षोन्नति गर्न सकिनेछ ।
- कक्षा ६-८ मा ५० प्रतिशत निर्णयात्मक (आवधिक परीक्षा) र ५० प्रतिशत निर्माणात्मक (आन्तरिक/निरन्तर मूल्याङ्कन पद्धति) बाट विद्यार्थीको मूल्याङ्कन गरिने छ । निर्माणात्मक र निर्णयात्मक दुबै पद्धतिका आधारमा विद्यार्थीलाई कक्षोन्नति गरिने छ ।
- विद्यार्थीहरुको मूल्ल्याङ्कन गर्दा ज्ञान तह (Knowledge) मा अति छोटा प्रश्नहरू, बोध तह ( Understandinglevel) का छोटा प्रश्नहरू र उच्च तह ( higher Abilities) का लामो उत्तर दिनुपर्ने किसिमका प्रश्नहरू समाबेस गर्नु पर्नेछ ।

प्रयोगात्मक क्रियाकलापको मूल्याङ्कन गर्दा अध्ययन भ्रमणको प्रतिवेदन, विभिन्न नमूनाहरू बनाइ प्रस्तुत गर्ने, विषयवस्तुसँग सम्बन्धित रही अभिनय गरेर देखाउने आदि क्रियाकलापहरू सञ्चालन गर्नु पर्नेछ । यस भित्र विषयवस्तुको ज्ञान, बोध, सीपको क्षमता, बुझाइको प्रस्तुतिकरण, व्यवहारिक परिवर्तन जस्ता पक्षहरु समेटनु पर्नेछ। प्रयोगात्मक परीक्षा संचालन गर्दा स्थानीय वातावरण प्रदूषण, फोहोर व्यवस्थापन, रहनसहन, रीतिरिवाज, प्रकोप र बिपद्, सामाजिक मूल्यमान्यता तथा स्थानीय पेसा व्यवसायलाई समेट्ने किसिमका क्रियाकलापहरू गराउनु पर्नेछ ।

कक्षा १ देखि ८ सम्मको निरन्तर विद्यार्थी मूल्याङ्कन गर्नका लागि रुब्रिक्सको विकास गरिने छ । रुब्रिक्सलाई विद्यार्थी मूल्याङ्कनको अभिन्न अङ्ग बनाइने छ । विद्यार्थी मूल्याङ्कन सम्बन्धी अन्य विधि र प्रक्रिया राष्ट्रिय पाठ्यक्रम प्रारुपमा उल्लेख गरेको प्रावधान प्रतिकुल नहुने गरी गर्नुपर्नेछ ।

## ८. पाठ्यक्रमको कार्यान्वयन प्रक्रिया

यस पाठ्यक्रमको कार्यान्वयन गर्न प्रधानाध्यापक तथा शिक्षकको भूमिका महत्वपूर्ण हुनेछ । विद्यार्थीहरूलाई स्थानीय वातावरणको अवलोकन गराइने छ । परियोजना कार्य र प्रतिवेदनको माध्यम अबलम्बन गरिने छ । स्थानीय समुदायका विज्ञ, बुद्धिजीवी, शिक्षाप्रेमी, समाजसेवी एवम् सम्बन्धित विषय तथा क्षेत्रमा जानीफकार व्यक्तिहरू स्रोतव्यक्तिको रूपमा रहनेछन । विद्यालयहरूले यस पाठ्यक्रम कार्यान्वयनका क्रममा आवश्यकता र औचित्यता अनुसार स्थानीय भाषा, नेपाली भाषा वा अंग्रेजी माध्यम समेत अवलम्बन गर्न सक्नेछन । विषयवस्तुमा समावेश प्रमुख क्षेत्र र स्थलमा अवलोकन भ्रमण गराइनेछ । विद्यार्थीहरूको समूहकार्य, परियोजना कार्य र अन्तरक्रियालाई जोड दिइनेछ । पाठ्यक्रममा आधारित भई पाठ्यसामग्रीको बिकास गर्नुका साथै शिक्षकहरूलाई विषयवस्तु तथा सहजीकरण प्रक्रिया सम्बन्धी अभिमुखीकरण तालिमको व्यवस्था गरिने छ ।

## ९. पाठ्यक्रम परिमार्जन

समय परिर्वतनशील हुने भएकाले सूचना तथा सञ्चार प्रविधिमा आएको परिवर्तनसँगै व्यक्ति तथा समुदायको पनि इच्छा, आकाङ्क्षा र आवश्यकताहरू पनि परिवर्तन हुन्छन । उक्त चाहना तथा आवश्यकताहरू पाठ्यांशमा समावेश हुनुपर्दछ, जसले विद्यार्थीहरूको ज्ञान, सीप र व्यवहारमा सकरात्मक परिवर्तन ल्याउन सकोस । यसै अनुरूप यो पाठ्यक्रम पनि सामाजिक आवश्यकतालाई सम्बोधन गर्न प्राप्त राय, सुझावका आधारमा यो मस्यौदा पाठ्यक्रममा सुधार गरिनुका साथै आवश्यकता अनुसार परिमार्जन हुनेछ । यस क्षेत्रका प्राकृतिक, सामाजिक, सांस्कृतिक, भाषिक र वातावरणीय पक्षहरूको खोज, अनुसन्धान र अध्ययन गरि प्राप्त निष्कर्षलाई यस पाठ्यक्रममा समावेश गर्दै लगिने छ ।